
# नगरपालिकाको लैसअसास सम्बन्धी तीनवर्षे रणनीति,-२०८३





**गोकर्णेश्वर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**जोरपाटी, काठमाण्डौ**

**इमेलः**

Gokarneshwormun@gmail.com

**टोल फ्रि नः१६६००१३७८८८**

# नगरपालिकाको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) रणनीति,-२०८३


प्राविधिक सहयोगः

लविसा डेभलपमेन्ट कन्सल्टेण्ट प्रा.लि. बूढानीलकण्ठ ४ बुद्धकोलोनी काठमाण्डौ



विज्ञः विश्वराज मरासेनी, लिलाधर सुवेदी



गोकर्णेश्वर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जोरपाटी, काठमाण्डौ

# गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### जोरपाटी, काठमाण्डौ

बागमती प्रदेश, नेपाल

**प.सं.** **मितिः**

**च.नं.**

***मन्तव्य***

गोकर्णेश्वर नगरपालिकाको समावेशी, न्यायपूर्ण तथा उत्तरदायी स्थानीय शासनप्रतिको प्रतिबद्धतालाई थप सुदृढ बनाउने उद्देश्यले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैसअसास) सम्बन्धी तीन वर्षे रणनीति तर्जुमा गरिएको छ । यस रणनीतिले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति, अल्पसङ्ख्यक तथा पछाडि पारिएका समुदायहरूको समान पहुँच, सहभागिता र अवसर सुनिश्चित गर्दै समतामूलक विकासको मार्ग प्रशस्त गर्ने विश्वास लिइएको छ ।

नगरपालिकाले विकास निर्माण, सेवा प्रवाह, क्षमता विकास, सीप तथा स्वरोजगार प्रवर्द्धन, प्रविधिमैत्री सेवा र सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई लैसअसासमैत्री बनाउँदै सबै नागरिकले समान रूपमा लाभ प्राप्त गर्ने वातावरण निर्माणमा जोड दिएको छ । यस रणनीतिले नीतिगत सुधार, संस्थागत सुदृढीकरण, लक्षित बजेट विनियोजन तथा प्रभावकारी अनुगमन मार्फत समावेशी शासनलाई व्यवहारमा उतार्न मार्गनिर्देशन गर्ने अपेक्षा गरिएको छ ।

समृद्ध, समावेशी र अवसरयुक्त गोकर्णेश्वर निर्माणको साझा यात्रामा यस रणनीतिले महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास व्यक्त गर्दै यसको प्रभावकारी कार्यान्वयनमा सबै सरोकारवालाको सक्रिय सहयोग, सहकार्य र प्रतिबद्धताको अपेक्षा गर्दछु ।

धन्यवाद !

दिपक कुमार रिसाल
नगर प्रमुख

# विषयसूची


परिच्छेद एक -परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ लैससास सम्बन्धी संवैधानिक,कानुनी र नीतिगत व्यवस्था ........ २

१.३ स्थानीय तहमा लैससास रणनीतिको विधि तथा प्रक्रिया ........ ६

परिच्छेद दुईः गोकर्णेश्वर नगरपालिकाको लैससास मूलप्रवाहीकरणको अवस्था विश्लेषण ........ ७

२.१ नगरपालिकाको संक्षिप्त परिचय ........ ७

२.२ लैससास मूलप्रवाहीकरण सम्बन्धी हालसम्म भएका प्रयासहरूः ........ ८

२.२.१ नगरपालिकाबाट लैससासको क्षेत्रमा तर्जुमा गरिएका कानुनी तथा नीतिगत व्यवस्थाहरू ........ ८

१. लैङ्गिक समानता, सामाजिक समावेशीकरण (GESI) तथा लक्षित वर्ग क्षेत्र ........ ९

२. शिक्षा क्षेत्र ........ ९

३. स्वास्थ्य क्षेत्र ........ ९

४. युवा तथा खेलकुद क्षेत्र ........ १०

५. बालबालिका क्षेत्र ........ १०

२.२.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीको लागि तर्जुमा गरिएका नीतिहरू ........ १०

१. स्वास्थ्य क्षेत्र (समावेशी तथा पहुँचयोग्य स्वास्थ्य नीति) ........ १०

२. शिक्षा क्षेत्र (समतामूलक र गुणस्तरीय शिक्षा नीति) ........ ११

३. युवा तथा खेलकुद क्षेत्र (उद्यमशीलता र नेतृत्व विकास नीति) ........ ११

४. बालबालिका क्षेत्र (बालमैत्री स्थानीय शासन नीति) ........ ११

५. ज्येष्ठ नागरिक, अति गरिब, अल्पसंख्यक तथा अपाङ्गता क्षेत्र ........ १२

२.३ गोकर्णेश्वर नगरपालिकाको लैससासको सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीको विश्लेषण ........ १२

परिच्छेद तीनः लैससास रणनीति तथा कार्यनीति ........ १७

३.१ संक्षिप्त नाम र प्रारम्भः ........ १७

३.२ रणनीति लागू हुनेः ........ १७

३.३ परिभाषाः ........ १७

३.४ दीर्घकालीन सोचः ........ १९

३.५ ध्येयः ........ १९

३.६ लक्ष्यः ........ १९

३.७ उद्देश्य ........ १९
३.८ अपेक्षित प्रतिफल ........ २०
३.९ लैससास मूल प्रवाहीकरणका सिद्धान्तहरू ........ २१
३.१० लैससास मूलप्रवाहिकरण रणनीतिको मूल्य मान्यताः ........ २१
३.११ गोकर्णेश्वर नगरपालिकाको लैससास रणनीतिमा व्यवस्था गरिएको प्रमुख उद्देश्यहरू / प्रतिफल, रणनीति तथा कार्यनीतिहरूः ........ २२
३.१२ गोकर्णेश्वर नगरपालिकाको लैसअसास सम्बन्धी ३ वर्षे कार्ययोजना (एकीकृत तालिका) ........ २७
परिच्छेद चारः लैससास रणनीति कार्यान्वयन, अनुगमन र प्रतिवेदन ........ ३३
४.१ रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व ........ ३३
४.१.१ लैससास समितिको काम, कर्तव्य र अधिकार ........ ३३
४.१.२ वडास्तरको वडा समिति गठन ........ ३३
४.१.३ वडास्तरको लैससास कार्यान्वयन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार- ........ ३४
४.२ लैससास क्षेत्रमा सरोकारवालाहरूको भूमिका ........ ३४
४.३ रणनीति कार्यान्वयन अनुगमन तथा समीक्षा सम्बन्धी व्यवस्थाः ........ ३६

तालिका सूची

तालिका नं १ गोकर्णेश्वर नगरपालिकाको गत आ.व. को लैसअसास परीक्षणको परिणाम तालिका ........ ५
तालिका नं.२ गोकर्णेश्वर नगरपालिका स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) क्षेत्रगत नतिजा ........ ५
तालिका नं. ३ गोकर्णेश्वर नगरपालिकाको LISA का आधारमा सवल कमजोर अवसर र चुनौतीको विश्लेषण ........ १२
तालिका नं. ४ गोकर्णेश्वर नगरपालिकाको : लैसअसास (GESI) परीक्षणको १०० सूचकको अवस्था ........ १४
तालिका नं. ४ गोकर्णेश्वर नगरपालिकाको लैसअसास सम्बन्धी रणनीति,उद्देश्य तथा कार्यनीतिहरु ........ २२
तालिका नं. ५ गोकर्णेश्वर नगरपालिकाको आगामी तीन वर्षे कार्ययोजना ........ ३०
तालिका नं. ६ स्थानीयस्तरमा सरोकारवालाहरुको भूमिका र जिम्मेवारी ........ ३५

# परिच्छेद एक -परिचय

## १.१ पृष्ठभूमि

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) सभ्य, न्यायपूर्ण र समतामूलक समाज निर्माणको आधारशिला हो । विकासका प्रतिफलहरूमा समाजका सबै वर्ग, लिङ्ग, क्षेत्र र समुदायको समान पहुँच र हिस्सेदारी सुनिश्चित गर्नु नै लोकतान्त्रिक शासन व्यवस्थाको मुख्य ध्येय रहिआएको छ । नेपालले विगत केही दशकदेखि नीतिगत र संस्थागत रूपमा लैङ्गिक उत्तरदायी बजेट र समावेशी विकास प्रक्रियालाई अङ्गीकार गर्दै आएको छ । यसै सन्दर्भमा, गोकर्णेश्वर नगरपालिकाले आफ्नो वार्षिक नीति, कार्यक्रम तथा बजेटलाई लैङ्गिक र सामाजिक दृष्टिकोणबाट कति प्रभावकारी रह्यो भनी लेखाजोखा गर्न "लैसअसास बजेट नीति र कार्यक्रम परीक्षण (GESI Budget Audit)" सम्पन्न गरिसकेको छ । सोही परीक्षणबाट प्राप्त मुख्य निष्कर्ष, सबल पक्ष र सुधारका क्षेत्रहरूलाई संस्थागत गर्दै आगामी मार्गचित्र तय गर्न यो "३ वर्षे रणनीति तथा कार्ययोजना" तर्जुमा गरिएको हो ।

नेपालको संविधानले प्रस्तावनामै सबै प्रकारका लैङ्गिक, जातीय र क्षेत्रीय विभेदहरूको अन्त्य गर्दै समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ । संविधानको धारा १८ (समानताको हक) ले सामान्य कानुनको प्रयोगमा कसैलाई पनि लिङ्ग, वर्ग वा समुदायका आधारमा भेदभाव नगरिने ग्यारेन्टी गरेको छ भने सकारात्मक विभेदका माध्यमबाट महिला, दलित, आदिवासी जनजाति तथा उत्पीडित वर्गको उत्थानका लागि विशेष व्यवस्था गर्ने अधिकार राज्यलाई सुम्पेको छ । त्यसैगरी, धारा ३८ (महिलाको हक) र धारा ४२ (सामाजिक न्यायको हक) ले राज्यका हरेक निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हकलाई मौलिक हककै रूपमा स्थापित गरेका छन् । यी संवैधानिक व्यवस्थाहरूको मर्मलाई स्थानीय तहको योजना तर्जुमा र बजेट विनियोजनको मूल प्रवाहमा ल्याउनु स्थानीय सरकारको प्रमुख दायित्व हो ।

सङ्घीयता कार्यान्वयनसँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई नागरिकको सबैभन्दा नजिकको सरकारका रूपमा व्यापक अधिकार र जिम्मेवारी प्रदान गरेको छ । यस ऐनको दफा २४ मा योजना तर्जुमा गर्दा महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने र उनीहरूको क्षमता विकास हुने कार्यक्रमहरूलाई प्राथमिकता दिनुपर्ने स्पष्ट कानुनी व्यवस्था छ । साथै, दिगो विकास लक्ष्य (SDGs), विशेष गरी लक्ष्य ५ (लैङ्गिक समानता) र लक्ष्य १० (असमानता न्यूनीकरण) हासिल गर्ने राष्ट्रिय प्रतिबद्धतालाई स्थानीयकरण गर्न पनि स्थानीय तहको बजेट नीति लैसअसास मैत्री हुनु अनिवार्य छ । गोकर्णेश्वर नगरपालिकाले यसै कानुनी र अन्तर्राष्ट्रिय मर्मलाई आत्मसात गर्दै आफ्ना लक्षित वर्गको उत्थानका लागि योजनाबद्ध प्रयासहरू अगाडि बढाउँदै आएको छ ।

गोकर्णेश्वर नगरपालिकाको हालै सम्पन्न लैसअसास बजेट नीति र कार्यक्रमको परीक्षण (Audit) ले नगरपालिकाद्वारा सञ्चालित योजनाहरूको गहन विश्लेषण गरेको छ । परीक्षणले बजेट विनियोजनको अवस्था, लक्षित वर्गको सहभागिता, कार्यान्वयनको प्रभावकारिता र प्राप्त प्रतिफलहरूको वस्तुनिष्ठ मूल्याङ्कन गर्दै केही

महत्त्वपूर्ण सवालहरू सतहमा ल्याएको छ । स्रोतको विनियोजन र परिचालनमा लैसअसास सूचकहरूलाई कसरी थप सुदृढ बनाउन सकिन्छ र कार्यक्रमहरूलाई कसरी परिणाममुखी बनाउन सकिन्छ भन्ने कुरा औंल्याएको छ । विगतको यसै परीक्षणको जगमा उभिएर स्रोत साधनको न्यायोचित वितरण र सेवा प्रवाहमा समतामूलक पहुँच सुनिश्चित गर्न एक रणनीतिक हस्तक्षेपको आवश्यकता महसुस गरिएको हो ।

यस पृष्ठभूमिमा, आगामी तीन वर्षभित्र गोकर्णेश्वर नगरपालिकालाई लैङ्गिक तथा सामाजिक रूपमा उत्तरदायी, समावेशी र न्यायपूर्ण स्थानीय सरकारको रूपमा स्थापित गर्ने अभिप्रायले यो प्रतिवेदन तयार पारिएको छ । यस प्रतिवेदनले लैसअसास बजेट परीक्षणका अमूल्य सुझावहरूलाई कार्यरूप दिन स्पष्ट उद्देश्य, रणनीतिक स्तम्भ, सूचक र जिम्मेवारी सहितको आवधिक कार्ययोजना प्रस्तुत गर्दछ । यो रणनीति र कार्ययोजनाले नगरपालिकाको वार्षिक नीति, योजना तथा बजेट तर्जुमा प्रक्रियालाई थप परिणाममुखी बनाई समाजका पछाडि पारिएका वर्ग र समुदायको सर्वाङ्गीण विकास र सशक्तीकरणमा कोसेढुङ्गा सावित हुने विश्वास लिइएको छ । नगरपालिकाको सोच अनुरुप गत आ.व. को मात्र नभएर विगतका वर्षहरुमा लैसअसासको क्षेत्रमा भए गरेका कार्यक्रमहरु र प्राप्त उपलब्धिहरुलाई पनि विश्लेषण गर्न प्रयास गरिएको छ ।

## १.२ लैससास सम्बन्धी संवैधानिक,कानुनी र नीतिगत व्यवस्था

नेपालमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) लाई राज्यको मूल प्रवाहमा ल्याउनका लागि बलियो संवैधानिक, कानुनी तथा नीतिगत आधारहरू निर्माण गरिएका छन् । यी व्यवस्थाहरूले समाजमा रहेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक तथा आर्थिक-सामाजिक रूपले पछाडि पारिएका वर्ग र समुदायको अधिकार संरक्षण र सशक्तीकरणका लागि स्पष्ट मार्गनिर्देशन गरेका छन् । संघीय शासन प्रणाली अन्तर्गत तीनै तहका सरकारहरूलाई लैससास मैत्री नीति, योजना र बजेट तर्जुमा गर्न यी कानुनहरूले बाध्यकारी र अधिकारमुखी दायित्व सुम्पेका छन् । गोकर्णेश्वर नगरपालिकाले पनि आफ्ना विकासका प्राथमिकता, सेवा प्रवाह र बजेट विनियोजन प्रक्रियालाई यिनै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरूको मर्म अनुरूप मुलप्रवाहीकरण गर्दै समतामूलक स्थानीय शासनको प्रत्याभूति गराउन प्रतिबद्ध रहँदै आएको छ ।

(क) नेपालको संविधानको धारा १६ मा सबै व्यक्तिहरूको सम्मानपूर्वक बाँच्ने हक, धारा १७ स्वन्त्रताको हक, धारा १८ समानताको हक, धारा ३८ महिलाको हक, धारा ४२ सामाजिक न्यायको हक, र धारा ५१ ञ मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्थाका साथै धारा ५२ ले राज्यले गर्नुपर्ने दायित्वको बारेमा व्यवस्था गरेको छ ।

(ख) संविधानको भाग २७, अन्य आयोग अन्तर्गत व्यवस्था गरिएका धाराहरू जस्तै राष्ट्रिय महिला आयोग, धारा २५२, राष्ट्रिय दलित आयोग धारा २५५, राष्ट्रिय समावेशी आयोग धारा २५८, आदिवासी जनजाति आयोग धारा २६१, मधेशी आयोग धारा २६२, थारू आयोग धारा २६३, मुस्लिम आयोग धारा २६४, आदि आयोगहरूको व्यवस्था गरिएको छ ।

(ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा स्थानीय सरकारले स्थानीय स्तरका लक्षित वर्गमुखी योजना तथा कार्यक्रमहरू तर्जुमा गर्न स्वीकृत गर्न र कार्यान्वयन गर्न सक्ने व्यवस्था गरेको छ ।

(घ) सामाजिक समावेशीता स्थानीयकरण रणनीति २०७५ जारी गरिएको छ । यस रणनीतिमा स्थानीय तहहरूमा लैससास रणनीतिको लागि मार्ग निर्देशन गरेको छ ।

(ङ) राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ ले देशभर महिला किशोरी र बालबालिकाको सामाजिक तथा आर्थिक विकासका लागि नीतिगत र संरचनागत व्यवस्था, लैङ्गिक शोषण, हिंसा र शोषणको अन्त्य गरी लैङ्गिक मूल्य मान्यतामा आधारित समतामूलक समाजको स्थापना, लैङ्गिक उत्तरदायी शासन पद्धतिको कार्यान्वयन र महिला आर्थिक सशक्ति करणलाई प्रवर्धन गर्ने नीति र कार्य-नीतिहरूको व्यवस्था गरिएको छ ।

(च) प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका २०७७ तयार गरी उपलब्ध गराइएको छ ।

(छ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा नेपाल राज्य पक्ष भई गरिएका सन्धि, महा-सन्धी तथा सम्झौताहरू र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई कार्यान्वयन गर्न प्रयास गरिएको छ जस्तै दासत्व सम्बन्धी महा-सन्धि, सन १९२६ र नेपालले अनुमोदन १९६३,
महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सन्धि **(Convention on Elimination of All From of Discrimination Against Women- CEDAW 1989),** बाल अधिकार महा सन्धि २० नोभेम्बर १९८९ (नेपालले २९ भाद्र २०४७), निकृष्ट प्रकारको बाल श्रम उन्मूलन महासन्धि २००१, आदिवासी जनजाति सम्बन्धी महासन्धि १९८९, समान कामको समान पारिश्रमिक महासन्धि ६ अक्टोबर १९७६, सबै प्रकारका जातीय विभेद उन्मूलन महासन्धि १९६५, वेइजिङ घोषणापत्र र कार्ययोजना सन १९९५, संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषदको प्रस्ताव नं १३२५ र १८२० आदि ।

गोकर्णेश्वर नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्दै जाने सन्दर्भमा यी र यिनीहरूसँग सम्बन्धित नीति तथा अन्य आवश्यक कानुनहरू तर्जुमा गर्नुका साथै विकासका मापदण्डहरू तर्जुमा गर्दा लैससास सम्बन्धमा संवेदनशील भएर बनाउने रणनीति अख्तियार गरेको छ । नगरपालिकाले वार्षिक तथा आवधिक योजना तर्जुमा गर्दा लैङ्गिक तथा समावेशी सहभागितालाई जोड दिँदै योजना तथा कार्यक्रमहरू तयार गर्दै आएको हो ।

गोकर्णेश्वर नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका महिला, दलित, आदिवासी, जनजाति मुस्लिम अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्तिहरू, लैङ्गिक तथा यौनिक, अल्पसङ्ख्यक, एकल महिला तथा हिंसा पीडितहरूलाई समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिका सहित लैङ्गिक समानता र सामाजिक समावेशीकरणको माध्यमबाट सबैले आत्म सम्मान बोध गर्ने वातावरण निर्माण गर्न र पालिकाबाट गठन हुने सीमित संरचना र क्रियाकलापहरूलाई मूलप्रवाहीकरणको माध्यमबाट लैङ्गिक समानता

तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गर्न आवश्यक देखिएकोले नगरपालिकाले आफ्नै आर्थिक सहयोगमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०८२ तर्जुमा गर्न लागेको हो ।
नगरपालिकाले आफ्नो क्षेत्रभित्र समुदायमा रहेका विभिन्न जातजाती, वर्ग, लिङ्ग, भाषा, धर्म, उमेर, शक्ति, सङ्ख्या आदिका आधारमा भइरहेको विभेद, अन्याय र असमानता तथा मानव मानव बीचको छुवाछूतलाई सदाको लागि अन्त्य गर्ने गरी योजना तथा कार्यक्रमहरू तर्जुमा गर्न प्रयास गरेको सन्दर्भमा यी योजना तथा कार्यक्रमहरूलाई मार्गदर्शन गर्ने रणनीति निर्माण गरी कार्यान्वयन गर्ने कार्य अनिवार्य भइसकेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ ले स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरमा विकासका लागि आवधिक, वार्षिक रणनीतिगत रूपमा मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानुनी दायित्वको रूपमा व्यवस्था गरेको छ भने सोही दफाको उपदफा (२) मा योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तर सम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्ने भनी उल्लेख गरिएको छ । यसको अतिरिक्त नेपाल पक्ष भई गरिएका सन्धि सम्झौताहरू जस्तै दासत्व सम्बन्धी महा सन्धि सन १९२६ र नेपालले अनुमोदन गरेको १९६३, महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सन्धि **(Convention on Elimination of All From of Discrimination Against Women- CEDAW 1989)** बाल अधिकार महा सन्धि २० नोभेम्बर १९८९, (नेपालले २९ भाद्र २०४७) निकृष्ट प्रकारको बाल श्रम उन्मूलन महासन्धि २००१, आदिवासी जनजाति सम्बन्धी महासन्धि १९८९, समान कामको समान पारिश्रमिक महा सन्धि ६ अक्टोबर १९७६, सबै प्रकारका जातीय विभेद उन्मूलन महासन्धि १९६५, वेइजिङ घोषणा पत्र र कार्ययोजना सन १९९५, संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषदको प्रस्ताव नं १३२५ र १८२०, आदिलाई स्थानीय स्तरमा लागू गर्न पनि स्थानीय सरकारको लैससास रणनीति अनिवार्य भएको छ । त्यसैगरी नगरपालिकाद्वारा तर्जुमा गरिएको वार्षिक योजना तथा आवधिक योजनालाई कार्यान्वयन गर्न, पालिकाका कार्यक्रम तथा योजनाहरू र बजेटलाई लैससास मैत्री बनाउन, पालिकालाई समग्र रूपमा मार्गदर्शन गर्न, पालिकाभित्र सरोकारवालाहरू बीच बुझाइमा एकरूपता कायम गरी लैससास सम्बन्धी कानुनी व्यवस्थाको कार्यान्वयनमा सहयोग पुर्याउन, लोकतन्त्रका लाभहरूलाई न्यायोचित वितरणको माध्यमबाट सामाजिक न्याय स्थापित गर्न, दिगो विकासको लक्ष्य नं ५ मा उल्लिखित लैङ्गिक समानता सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गरी सूचक पुरा गर्न पनि लैससास रणनीतिको आवश्यकता महसुस गरिएको हो ।
लैससास कार्यविधि २०७७ अनुसार गोकर्णेश्वर नगरपालिकाको लैससास कार्यक्रमको परीक्षणको प्रतिवेदन अनुसार ३ प्रकारका चिन्हहरूको प्रयोग गरी स्तर मापन गरिएको हो । सिधै अङ्क दिने अभ्यास नगरी सहभागीहरू माझ थप विश्वसनीयताको भावना जागोस् भनी तल उल्लिखित चिन्हहरूको प्रयोग गरिएको छ । चिन्ह प्रयोग गर्दा सबल देखिएमा + मध्यम देखिएमा +/- र कमजोर देखिएमा - चिन्हको प्रयोग गरी सुत्रद्वारा अङ्कमा परिणत गरिएको हो । परीक्षणका ५ वटा क्षेत्रहरू मध्ये सबैभन्दा बढी अङ्क नीति योजना तथा सेवा प्रवाहमा १९/१९ अङ्क प्राप्त भएको छ । मानव संसाधन तथा क्षमता विकासको क्षेत्रले सबैभन्दा थोरै ११ सुशासन तथा उत्तरदायित्वमा १२ अङ्क प्राप्त भएको छ । त्यसैगरी संस्थागत व्यवस्थाले १४ अङ्क प्राप्त गर्न सफल भएको छ ।

विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं १ गोकर्णेश्वर नगरपालिकाको गत आ.व. को लैसअसास परीक्षणको परिणाम तालिका

| क्रस | सूचकका क्षेत्रहरू | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | नीति कानुन र योजना | २० | १९ |
| २ | संस्थागत व्यवस्था | २० | १४ |
| ३ | मानव संसाधन तथा  क्षमता विकास | २० | ११ |
| ४ | सेवा प्रवाह | २० | १९ |
| ५ | सुशासन तथा उत्तरदायित्व | २० | १२ |

गोकर्णेश्वर नगरपालिकाले गत आर्थिक वर्ष २०८१/०८२ मा स्थानीय तह स्व-मूल्याङ्कनका १० वटा क्षेत्रहरूमा देहाय बमोजिमको अङ्क प्राप्त गरेको छ ।

तालिका नं.२ गोकर्णेश्वर नगरपालिका स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) क्षेत्रगत नतिजा (आ.व. २०८०/०८१)

| क्र.सं. | मूल्याङ्कनको क्षेत्र (Thematic Areas) | कुल पूर्णाङ्क | प्राप्त अंक | प्रतिशत (%) |
|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ९ | ८ | ८८.८९% |
| २ | संगठन तथा प्रशासन | ८ | ७.२५ | ९०.६३% |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ९.५ | ८६.३६% |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | ११ | ९.२५ | ८४.०९% |
| ५ | सेवा प्रवाह | १६ | १३.५ | ८४.३८% |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ६.५ | ९२.८६% |
| ७ | भौतिक पूर्वाधार | १३ | १०.५ | ८०.७७% |
| ८ | सामाजिक समावेशीकरण (GESI समेत) | १० | ८.७५ | ८७.५०% |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ७ | ७७.७८% |
| १० | सहकार्य तथा समन्वय | ६ | ५.५ | ९१.६७% |
|  | **कुल जम्मा (Total)** | **१००** | **८५.७५** | **८५.७५%** |

स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) नेपालका स्थानीय सरकारहरूको शासकीय प्रबन्ध, वित्तीय व्यवस्थापन, र सेवा प्रवाहको अवस्था मापन गर्ने एक महत्त्वपूर्ण डिजिटल प्रणाली हो। यस अन्तर्गत मुख्य

१० वटा क्षेत्रगत सूचकहरू (Thematic Areas) र विभिन्न उप-सूचकहरूका आधारमा स्थानीय तहको कानुनी दायित्व पालना, संस्थागत सुदृढीकरण, र पारदर्शिताको विस्तृत मूल्याङ्कन गरिन्छ। यस स्वमूल्यांकनको मुख्य उद्देश्य स्थानीय तहहरूबीच स्वस्थ प्रतिस्पर्धात्मक वातावरण सिर्जना गरी आफ्ना सबल र दुर्बल पक्षहरू पहिचान गर्ने, तथा प्राप्त नतिजाका आधारमा वार्षिक नीति, योजना र संस्थागत क्षमता सुधारका प्राथमिकताहरू तय गरी नागरिक केन्द्रित शासन व्यवस्थालाई मजबुत बनाउनु हो।

## १.३ स्थानीय तहमा लैससास रणनीतिको विधि तथा प्रक्रिया

स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) व्यवस्थापन परीक्षणको प्रक्रिया एक व्यवस्थित र चरणबद्ध विधिबाट अगाडि बढ्दछ। यसको पहिलो चरण अन्तर्गत पालिकामा आन्तरिक तयारी, कार्ययोजना निर्माण र सरोकारवालाहरूको अभिमुखीकरण गरिन्छ। यसै प्रक्रिया अनुरूप गोकर्णेश्वर नगरपालिकामा **मिति २०८३ वैशाख २५ गते** सामाजिक विकास समितिका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, तथा विभिन्न शाखाका प्रमुखहरूको सक्रिय सहभागितामा **प्रारम्भिक गोष्ठी (Orientation Workshop)** सफलतापूर्वक सञ्चालन गरियो। यस गोष्ठीले परीक्षणको आवश्यकता, यसको क्षेत्र र कार्यान्वयन पद्धतिका बारेमा साझा बुझाइ निर्माण गर्नुका साथै संस्थागत प्रतिवद्धता सुनिश्चित गर्न जग बसालेको थियो।

दोस्रो चरणमा नीति, कानुन र कार्यविधिलाई मिहिन ढंगले केलाउन सूचकगत गहन छलफल र कार्यशाला आयोजना गरिन्छ। यसै क्रममा **वैशाख २८ र २९ गते** पालिकाका सम्पूर्ण शाखा प्रमुखहरूसँग बसेर लैसअसास परीक्षणका **कुल १०० वटा सूचकहरूमाथि** सघन र अन्तरक्रियात्मक छलफल गरियो। यस दुई दिने प्राविधिक सत्रमा नीति, कानुन र योजना, संस्थागत व्यवस्था, मानव संसाधन, सेवा प्रवाह, र सुशासन जस्ता मुख्य स्तम्भ अन्तर्गत रहेका सूचकहरूको वर्तमान अवस्था, प्राप्त प्रमाणहरू र व्यवहारिक अभ्यासको गहिरो विश्लेषण गरी प्रारम्भिक अंकभार र स्थितिको पहिचान गर्ने कार्य गरियो।

तेस्रो चरणमा छलफलबाट प्राप्त सूचना र तथ्याङ्कहरूको प्रमाणीकरण तथा स्थलगत वस्तुस्थिति बुझ्ने कार्य गरिन्छ। यस अन्तर्गत विभिन्न शाखाबाट प्राप्त भएका निर्णयहरू, बजेट विनियोजनका पुस्तिकाहरू, कार्यविधि, र लक्षित वर्गको उपस्थिति सम्बन्धी कागजातहरूको कानुनी र व्यावहारिक परीक्षण (Document Review) गरिन्छ। आवश्यक परेमा सेवाग्राही र नागरिक समाजका प्रतिनिधिहरूसँग समूहगत छलफल (FGD) तथा प्रमुख अधिकारीहरूसँग अन्तर्वार्ता लिई संकलित तथ्याङ्कलाई थप वस्तुनिष्ठ र विश्वसनीय बनाइन्छ।

अन्तिम तथा चौथो चरणमा प्राप्त अंक र विश्लेषणका आधारमा लैसअसास परीक्षणको प्रारम्भिक प्रतिवेदन तयार गरिन्छ। उक्त मस्यौदा प्रतिवेदनलाई पुनः पालिकाको नेतृत्व तह र सरोकारवालाहरू माझ प्रस्तुतीकरण (Validation Workshop) गरी प्राप्त पृष्ठपोषणका आधारमा अन्तिम रूप दिइन्छ। यसरी तयार भएको अन्तिम प्रतिवेदनले पालिकाको समावेशीकरणको वास्तविक चित्र मात्र देखाउँदैन, यसले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटमा GESI लाई मूलप्रवाहीकरण गर्न र संस्थागत उत्तरदायित्व सुधार गर्नका लागि स्पष्ट र व्यावहारिक कार्ययोजना (Action Plan) समेत प्रदान गर्दछ।

# परिच्छेद दुईः गोकर्णेश्वर  नगरपालिकाको लैससास मूलप्रवाहीकरणको अवस्था विश्लेषण

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

**भौगोलिक अवस्थिती र सिमाना** राजधानी काठमाडौंको उत्तर-पूर्वी दिशामा अवस्थित गोकर्णेश्वर नगरपालिका ऐतिहासिक, धार्मिक र प्राकृतिक दृष्टिकोणले अत्यन्तै महत्त्वपूर्ण स्थानीय तह हो । नेपाल सरकारको मिति २०७१ मङ्सिर १६ गतेको निर्णय अनुसार साबिकका सुन्दरीजल, नयाँपाटी, बालुवा, गोकर्ण र जोरपाटी गाँउ विकास समितिहरूलाई समेटेर यसको स्थापना भएको हो । कुल **५८.५० वर्ग किलोमिटर** क्षेत्रफलमा फैलिएको यस नगरपालिकाको पूर्वमा कागेश्वरी मनोहरा नगरपालिका र सिन्धुपाल्चोक जिल्ला, पश्चिममा काठमाडौं महानगरपालिका र बुढानीलकण्ठ नगरपालिका, उत्तरमा नुवाकोट र सिन्धुपाल्चोक जिल्ला (शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज) तथा दक्षिणमा काठमाडौं महानगरपालिका र कागेश्वरी मनोहरा नगरपालिका रहेका छन् । समुद्र सतहबाट करिब १,३७० मिटर देखि २,४५० मिटरसम्मको उचाइमा रहेको यस नगरमा पवित्र बागमती नदीको उद्गम स्थल सुन्दरीजल समेत पर्दछ ।

**हावापानी र प्राकृतिक स्वरूप** यस नगरपालिकामा मुख्यतया समशितोष्ण प्रकारको हावापानी पाइन्छ । यहाँको तापक्रम अधिकतम ३०°C सम्म र न्यूनतम २°C सम्म पुग्ने गर्दछ, जसले गर्दा यहाँको मौसम बसोबासका लागि निकै अनुकूल र स्वास्थ्यवर्द्धक रहेको छ । भौगोलिक रूपमा यहाँ बेशी, भिरपाखा, खोँच र घना वनजङ्गलको समिश्रण पाइन्छ । उत्तरतर्फ रहेको शिवपुरी राष्ट्रिय निकुञ्जको क्षेत्रले गर्दा यस नगरको हावापानी स्वच्छ हुनुका साथै यहाँ जैविक विविधताको प्रचुरता रहेको छ। प्रसिद्ध गोकर्णेश्वर महादेव मन्दिरको नामबाट नामाकरण गरिएको यस नगरमा धार्मिक पर्यटनको समेत उच्च सम्भावना रहेको छ ।

**जनसंख्या र सामाजिक संरचना** राष्ट्रिय जनगणना २०७८ को अन्तिम नतिजा अनुसार गोकर्णेश्वर नगरपालिकाको कुल जनसंख्या **१,४९,३६६** रहेको छ, जसमा पुरुषको संख्या ७३,२३५ (४९%) र महिलाको संख्या ७६,१३१ (५१%) रहेको छ । यहाँको जनसंख्या जनघनत्व **२,५५३ प्रति वर्ग किलोमिटर** रहेको देखिन्छ । जातजातिका गोकर्णेश्वर नगरपालिका एक बहुजातीय र बहुसांस्कृतिक विशेषता बोकेको स्थानीय तह हो । राष्ट्रिय जनगणना २०७८ को अन्तिम नतिजा अनुसार यहाँको कुल जनसंख्या **१,४९,३६६** रहेको छ, जसमा जातजातिगत विविधता स्पष्ट देखिन्छ । यस नगरमा सबैभन्दा ठूलो जनसंख्या **तामाङ** समुदायको रहेको छ, जसको संख्या **४१,५६८** (करिब २७.८३ प्रतिशत) रहेको छ । तामाङ समुदायको ऐतिहासिक र सांस्कृतिक बाहुल्यताले यस नगरको सामाजिक पहिचानमा विशेष महत्त्व राख्दछ ।

नगरपालिकाको दोस्रो ठूलो समूहका रूपमा **पहाडी ब्राह्मण** समुदाय रहेको छ, जसको संख्या **३४,२२९** (२२.९१ प्रतिशत) छ भने **क्षेत्री** समुदायको संख्या **२८,३७५** (१८.९९ प्रतिशत) रहेको देखिन्छ । यसैगरी, उपत्यकाको मूल बासिन्दा मानिने **नेवार** समुदायको उपस्थिति पनि यहाँ उल्लेख्य छ, जसको संख्या **१३,८२८** (९.२५ प्रतिशत) रहेको छ । यी चारवटा प्रमुख जातिहरूले नगरको कुल जनसंख्याको करिब ७९ प्रतिशत हिस्सा ओगटेका छन् ।

यसबाहेक, नगरपालिकामा अन्य विभिन्न जनजाति र सीमान्तकृत समुदायको पनि अर्थपूर्ण उपस्थिति रहेको छ । जनगणना अनुसार यहाँ **मगर** (६,२७५), **राई** (५,९७६), **शेर्पा** (४,९२१) र **गुरुङ** (४,६३०) समुदायको बसोबास रहेको छ । दलित समुदाय अन्तर्गत **विश्वकर्मा (कामी)** जातिको संख्या **२,४४२** रहेको छ भने दमाई, परियार, सार्की लगायतका अन्य दलित र सीमान्तकृत जातिहरूको संयुक्त संख्या करिब ५,६२९ रहेको देखिन्छ । तराई मुलका **थारु** समुदायको पनि यहाँ १,४९३ को संख्यामा उपस्थिति रहेको छ ।

यसरी हेर्दा, गोकर्णेश्वर नगरपालिका विभिन्न जात जाति र भाषा-भाषीहरूको एउटा साझा फूलबारीका रूपमा रहेको छ । यहाँको सामाजिक समावेशीकरण (GESI) सम्बन्धी नीति र कार्यक्रमहरू बनाउँदा यी अल्पसङ्ख्यक र पछाडि पारिएका दलित तथा जनजाति समुदायको आवश्यकता र उनीहरूको जनसंख्याको अनुपातलाई ध्यान दिनु पर्ने देखिन्छ । विशेष गरी तामाङ र शेर्पा समुदायको बाहुल्यता रहेका वडाहरूमा उनीहरूको भाषा र संस्कृतिलाई सम्बोधन गर्ने कार्यक्रमहरू समावेश गर्नु सामाजिक न्यायको दृष्टिकोणले सान्दर्भिक देखिन्छ ।

**शिक्षा, साक्षरता र शैक्षिक अवस्था** शैक्षिक दृष्टिकोणले गोकर्णेश्वर नगरपालिका एक अग्रणी स्थानीय तहका रूपमा चिनिन्छ । जनगणना २०७८ अनुसार यहाँको कुल साक्षरता दर **८५.५३ प्रतिशत** रहेको छ, जसमा पुरुष साक्षरता दर ९१.६ प्रतिशत र महिला साक्षरता दर ७९.७६ प्रतिशत रहेको देखिन्छ । यस नगर क्षेत्रभित्र सामुदायिक र संस्थागत गरी कुल **१२३ विद्यालयहरू** सञ्चालनमा रहेका छन् । शिक्षा शाखाको तथ्याङ्क अनुसार यहाँ १९ वटा सामुदायिक विद्यालय र १०२ भन्दा बढी संस्थागत (निजी) विद्यालयहरूले गुणस्तरीय शिक्षा प्रदान गरिरहेका छन् । माध्यामिक शिक्षा (कक्षा १२) सम्मको पहुँचलाई सहज बनाउन नगरपालिकाले प्राविधिक शिक्षा र छात्रवृत्ति कार्यक्रमहरूलाई समेत प्राथमिकता दिँदै आएको छ ।

## २.२ लैससास मूलप्रवाहीकरण सम्बन्धी हालसम्म भएका प्रयासहरू:

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानुनहरूले दिएको अधिकार प्रयोग गर्दै गोकर्णेश्वर नगरपालिकाले स्थानीय स्तरमा लैससाससँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्ने सन्दर्भमा देहाय बमोजिमका विभिन्न कानुनहरूको तर्जुमा गर्नुका साथै नीति योजना कार्यक्रम तथा बजेट विनियोजन गर्दै आइरहेको छ ।

### २.२.१ नगरपालिकाबाट लैससासको क्षेत्रमा तर्जुमा गरिएका कानुनी तथा नीतिगत व्यवस्थाहरू

गोकर्णेश्वर नगरपालिकाले स्थापनाकालदेखि हालसम्म लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI), शिक्षा, स्वास्थ्य, युवा, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लक्षित वर्गको उत्थान र सशक्तीकरणका लागि विभिन्न ऐन, नियमावली, कार्यविधि र निर्देशिकाहरू तर्जुमा गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको छ।

नगरपालिकाद्वारा स्वीकृत एवं प्रकाशित मुख्य कानुनी दस्तावेजहरूको क्षेत्रगत विवरण (प्रकाशन साल/मिति सहित) तल प्रस्तुत गरिएको छः

### १. लैङ्गिक समानता, सामाजिक समावेशीकरण (GESI) तथा लक्षित वर्ग क्षेत्र

- **अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७५** – (अपाङ्गता भएका नागरिकहरूको अधिकार संरक्षण, परिचयपत्र वितरण र जीविकोपार्जनका लागि तर्जुमा गरिएको)।
- **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) नीति, २०७७** – (स्थानीय तहका हरेक संरचना र योजनामा समावेशीकरणलाई मूलप्रवाहीकरण गर्न स्वीकृत)।
- **ज्येष्ठ नागरिक संरक्षण तथा कल्याणकारी कार्यविधि, २०७६** – (ज्येष्ठ नागरिकहरूको सम्मान, स्वास्थ्य उपचार र हक हित संरक्षणका लागि)।
- **दलित, आदिवासी जनजाति र सीमान्तकृत वर्ग उत्थान कार्यविधि, २०७७** – (आर्थिक-सामाजिक रूपमा पछाडि पारिएका वर्गको क्षमता विकासका लागि)।
- **महिला उद्यमशीलता सहजीकरण कार्यविधि, २०७८** – (महिलाहरूको आर्थिक आत्मनिर्भरता र सीपमूलक तालिम सञ्चालनका लागि)।

### २. शिक्षा क्षेत्र

- **गोकर्णेश्वर नगरपालिका शिक्षा ऐन, २०७४** – (स्थानीय राजपत्रमा प्रकाशित पहिलो आधारभूत ऐन, जुन संघीयता अनुकूल विद्यालय शिक्षा व्यवस्थापनका लागि ल्याइएको हो)।
- **गोकर्णेश्वर नगरपालिका शिक्षा नियमावली, २०७४** – (शिक्षा ऐन कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक दरबन्दी र छात्रवृत्ति सम्बन्धी विस्तृत व्यवस्था भएको)।
- **स्थानीय पाठ्यक्रम (हाम्रो गोकर्णेश्वर) कार्यान्वयन निर्देशिका, २०७६** – (कक्षा १ देखि ८ सम्म स्थानीय पहिचान, संस्कृति र भूगोल समेटिएको पाठ्यक्रम लागू गर्न बनेको)।
- **संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०७७** – (निजी विद्यालयहरूले विपन्न, जेहेन्दार र लक्षित वर्गका विद्यार्थीलाई उपलब्ध गराउने १०% छात्रवृत्तिलाई पारदर्शी बनाउन तर्जुमा गरिएको)।
- **प्रारम्भिक बालविकास केन्द्र (ECED) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९** – (बालबालिकाको प्रारम्भिक सिकाई र बालशिक्षा केन्द्र सुधारका लागि)।

### ३. स्वास्थ्य क्षेत्र

- **गोकर्णेश्वर नगरपालिका जनस्वास्थ्य ऐन, २०७६** – (आधारभूत स्वास्थ्य सेवालाई नागरिकको पहुँचसम्म पुऱ्याउन र नगरको स्वास्थ्य नीति तय गर्न बनेको)।
- **नगर अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन र व्यवस्थापन कार्यविधि, २०७७** – (नगरपालिका मातहतका अस्पताल, स्वास्थ्य चौकी र सहरी स्वास्थ्य केन्द्रहरूको प्रशासनिक र प्राविधिक व्यवस्थापनका लागि)।

- **विपन्न नागरिक आकस्मिक उपचार कोष (सञ्चालन) कार्यविधि, २०७८** – (जटिल रोग लागेका र आर्थिक अवस्था कमजोर भएका नगरवासीलाई उपचारमा सहुलियत दिन स्थापित कोष सम्बन्धी)।
- **महिला स्वास्थ्य स्वयंसेविका (FCHV) कोष सञ्चालन कार्यविधि, २०७९** – (नगरमा कार्यरत स्वास्थ्य स्वयंसेविकाहरूको प्रोत्साहन र वृत्तिविकासका लागि)।

### ४. युवा तथा खेलकुद क्षेत्र

- **गोकर्णेश्वर नगरपालिका युवा परिषद ऐन, २०७६** – (नगरस्तरीय युवा परिषद गठन, युवा नेतृत्व विकास र स्वरोजगार प्रवर्द्धनका लागि)।
- **खेलकुद विकास ऐन, २०७६** – (नगरपालिकामा खेलकुद पूर्वाधार निर्माण र नगरस्तरीय खेलकुद समितिको संचालनका लागि)।
- **युवा स्वरोजगार कोष (सञ्चालन) कार्यविधि, २०७८** – (स्थानीय युवाहरूलाई सहुलियतपूर्ण ऋण र उद्यमशीलताका लागि उद्यम कोष व्यवस्थापन सम्बन्धी)।

### ५. बालबालिका क्षेत्र

- **बालअधिकार संरक्षण तथा प्रवर्द्धन ऐन, २०७६** – (बालबालिकाको हक हित, संरक्षण, र बालमैत्री स्थानीय शासन (CFLG) को जग बसाल्न तर्जुमा गरिएको)।
- **नगर बालअधिकार समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०७७** – (जोखिममा परेका बालबालिकाको उद्धार, संरक्षण र पुनःस्थापनाका लागि)।
- **बालकोष (स्थापना तथा सञ्चालन) कार्यविधि, २०७८** – (अनाथ, असहाय र सडक बालबालिकाको आकस्मिक संरक्षणका लागि कोष व्यवस्थापन गर्न बनेको)।

### २.२.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीको लागि तर्जुमा गरिएका नीतिहरू

### १. स्वास्थ्य क्षेत्र (समावेशी तथा पहुँचयोग्य स्वास्थ्य नीति)

- **विपन्न नागरिक निःशुल्क स्वास्थ्य उपचार नीतिः** आर्थिक अवस्था कमजोर भएका, अति गरिब र असहाय नागरिकहरूलाई नगर अस्पताल र तोकिएका स्वास्थ्य संस्थाहरू मार्फत आकस्मिक एवं जटिल रोगको उपचारमा आर्थिक सहायता र शय्या (Bed) निःशुल्क उपलब्ध गराउने नीति।
- **गर्भवती तथा सुत्केरी पोषण सुरक्षा नीतिः** ग्रामीण तथा विपन्न परिवारका गर्भवती र सुत्केरी महिलाहरूलाई नियमित स्वास्थ्य जाँचका लागि प्रोत्साहन गर्न 'उपाध्यक्षसँग गर्भवती महिला' जस्ता कार्यक्रम मार्फत पोषण भत्ता र स्वास्थ्य सामग्री वितरण गर्ने नीति।
- **महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन नीतिः** नगरको आधारभूत स्वास्थ्य सेवालाई घरदैलोसम्म पुऱ्याउने महिला स्वास्थ्य स्वयंसेविकाहरूको मनोबल उच्च राख्न वार्षिक रूपमा सञ्चार, यातायात खर्च र स्वास्थ्य बिमा कोषको व्यवस्था गर्ने नीति।

## २. शिक्षा क्षेत्र (समतामूलक र गुणस्तरीय शिक्षा नीति)

- **निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा नीतिः** सीमान्तकृत, दलित, अपाङ्गता भएका र अति विपन्न परिवारका बालबालिकाहरूलाई विद्यालय भर्ना सुनिश्चित गर्न निःशुल्क पाठ्यपुस्तक, शैक्षिक सामग्री र दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिने नीति।
- **लक्षित वर्ग छात्रवृत्ति नीतिः** संस्थागत (निजी) विद्यालयहरूले कुल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशत छात्रवृत्ति विपन्न, जेहेन्दार, अल्पसंख्यक र अपाङ्गता भएका बालबालिकालाई अनिवार्य उपलब्ध गराउनुपर्ने नियमलाई रातो किताब मार्फत कडाइका साथ लागू गर्ने नीति।
- **वैकल्पिक तथा अनौपचारिक शिक्षा नीतिः** विद्यालय शिक्षाबाट वञ्चित भएका वा उमेर नाघेका महिला तथा सडक बालबालिकाहरूका लागि अनौपचारिक शिक्षा र वैकल्पिक सिकाई केन्द्रहरूलाई अनुदान दिने नीति।

## ३. युवा तथा खेलकुद क्षेत्र (उद्यमशीलता र नेतृत्व विकास नीति)

- **युवा स्वरोजगार तथा नवीन उद्यम नीतिः** नगरका बेरोजगार तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई स्थानीय स्तरमै उद्यम सञ्चालन गर्न बिना धितो वा सहुलियतपूर्ण ब्याजदरमा ऋण र वित्तीय साक्षरता प्रदान गर्ने नीति।
- **युवा नेतृत्व र क्षमता विकास नीतिः** युवाहरूलाई कुलत र दुर्व्यसनबाट टाढा राख्न नेतृत्व विकास, नवप्रवर्तन (Innovation) र प्रविधि मैत्री सीपमूलक तालिममा सहभागिता गराउने नीति।
- **सहरी तथा ग्रामीण खेलकुद पूर्वाधार नीतिः** प्रत्येक वडामा कम्तीमा एक खेल मैदान वा खुल्ला व्यायामशाला (Open Gym) निर्माण गर्ने र स्थानीय स्तरका प्रतिभाहरू पहिचान गर्न 'मेयर कप' जस्ता खेलकुद प्रतियोगितालाई बजेट सुनिश्चित गर्ने नीति।

## ४. बालबालिका क्षेत्र (बालमैत्री स्थानीय शासन नीति)

- **बालमैत्री स्थानीय शासन (CFLG) संस्थागतकरण नीतिः** नगरपालिकालाई बालमैत्री घोषणा गर्ने अभियान अन्तर्गत सम्पूर्ण वडा र विद्यालयहरूमा बालमैत्री सूचकहरू पूरा गर्न संरचनात्मक र व्यवहारिक सुधार गर्ने नीति।
- **जोखिममा परेका बालबालिका संरक्षण नीतिः** अनाथ, असहाय, सडक बालबालिका र बालश्रममा परेकाहरूको तत्काल उद्धार, पुनःस्थापना र पालनपोषणका लागि 'नगर बालकोष' को स्थापना र प्रभावकारी सञ्चालन गर्ने नीति।
- **बाल सहभागिता र अधिकार नीतिः** योजना तर्जुमा प्रक्रियामा बालबालिकाहरूको आवाज सुन्न नगर र वडा स्तरमा बाल क्लबहरू गठन गरी उनीहरूका योजनालाई बजेटमा प्राथमिकता दिने नीति।

### ५. ज्येष्ठ नागरिक, अति गरिब, अल्पसंख्यक तथा अपाङ्गता क्षेत्र

- **ज्येष्ठ नागरिक आदर-सम्मान तथा लौगिक स्वास्थ्य नीतिः** नसर्ने र उमेरगत रोगहरूको उपचारका लागि ज्येष्ठ नागरिकहरूलाई घरदैलोमै निःशुल्क स्वास्थ्य परीक्षण, औषधि वितरण र भजनकीर्तन/मिलन केन्द्रहरू स्थापना गर्ने नीति।
- **अपाङ्गतामैत्री पहुँच र सशक्तीकरण नीतिः** सरकारी र सार्वजनिक भवनहरूलाई क्रमशः अपाङ्गतामैत्री (Accessible) बनाउँदै लैजाने, क र ख वर्गको अपाङ्गता भएका व्यक्तिहरूलाई परिचयपत्र वितरण र जीवनोपयोगी सीपमूलक तालिम दिने नीति।
- **अल्पसंख्यक तथा लोपोन्मुख वर्ग संरक्षण नीतिः** नगर क्षेत्रभित्र बसोबास गर्ने सीमान्तकृत, अल्पसंख्यक (जस्तैः माझी, दनुवार वा अन्य लक्षित समूह) र अति गरिब परिवारको पहिचान गरी उनीहरूको पुख्यौंली सीपको आधुनिकीकरण र सांस्कृतिक पहिचान संरक्षणमा विशेष बजेट विनियोजन गर्ने नीति।

## २.३ गोकर्णेश्वर नगरपालिकाको लैससासको सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीको विश्लेषण

तल प्रस्तुत तालिकाले स्थानीय तहको संस्थागत सबलीकरण र सामाजिक न्यायको अवस्थालाई मापन गर्ने दुई प्रमुख औजारहरू'स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) र लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैसअसास) सूचकहरूको नतिजालाई एकीकृत गरी तयार पारिएको विधागत (SWOT) विश्लेषणलाई प्रस्तुत गरेको छ । यस तालिकाको मुख्य उद्देश्य पालिकाको विद्यमान नीतिगत, प्रशासनिक, र सेवा प्रवाहको अवस्थामा रहेका सबल पक्षहरू पहिचान गर्नुका साथै आन्तरिक क्षमता र सुशासनका क्षेत्रमा देखिएका कमजोरीहरूलाई केलाउनु हो। बाह्य वातावरणबाट प्राप्त हुन सक्ने डिजिटल रूपान्तरण र बालमैत्री स्थानीय शासन (CFLG) जस्ता अवसरहरू एवं विपद् व्यवस्थापन र स्रोतको सीमितता जस्ता चुनौतीहरूको वस्तुनिष्ठ लेखाजोखा गर्दै आगामी दिनमा समावेशी र उत्तरदायी स्थानीय शासन सञ्चालनका लागि रणनीतिक मार्गदर्शन तय गर्न यो विश्लेषण अत्यन्तै सान्दर्भिक र महत्त्वपूर्ण देखिन्छ।

तालिका नं. ३ गोकर्णेश्वर नगरपालिकाको LISA का आधारमा सवल कमजोर अवसर र चुनौतीको विश्लेषण

| विधा (SWOT) | क्र.सं. | मुख्य विश्लेषण तथा बुँदाहरू (LISA र लैसअसास सूचकहरूको आधारमा) |
|---|---|---|
| **१. सबल पक्ष (Strengths)** | १ | **उत्कृष्ट नीतिगत तथा कानुनी जगः** लैसअसासको 'नीति कानुन र योजना' मा १९/२० र LISA को 'शासकीय प्रबन्ध' मा ८८.८९% अंक रहेकाले पालिकामा समावेशी ऐन/कार्यविधि निर्माणको पक्ष निकै बलियो छ। |
| *(काम पूर्ण भएका सूचकहरूः+)* | २ | **समावेशी सेवा प्रवाहमा सक्षमताः** लैसअसासको 'सेवा प्रवाह' मा १९/२० र LISA को 'सेवा प्रवाह' मा ८४.३८% अंक हुनुले नागरिक स्तरमा पुऱ्याइने सेवामा GESI मूलप्रवाहीकरण सफल भएको देखिन्छ । |

| | | |
|---|---|---|
| | ३ | **बलियो न्यायिक र सहकार्य संयन्त्रः** LISA को न्यायिक कार्य सम्पादन (९२.८६%) र सहकार्य (९१.६७%) मा उच्च अंक रहेकाले लक्षित वर्गको न्यायमा पहुँच र साझेदारी राम्रो छ। |
| | ४ | **रणनीतिक योजना तर्जुमाः** वार्षिक बजेट तथा योजना व्यवस्थापन (८६.३६%) को जग बलियो भएकाले लक्षित वर्गका कार्यक्रमहरू रातो किताबमा समेटिने परिपाटी स्थापित छ। |
| **२. सुधार गर्नुपर्ने पक्ष (Weaknesses)**<br><br>*(आंशिक वा काम नभएका सूचकहरूः +/- र -)* | ५ | **आन्तरिक जनशक्तिको क्षमतामा कमीः** लैसअसासको 'मानव संसाधन तथा क्षमता' मा ११/२० (सबैभन्दा न्यून) अंक हुनु र कर्मचारीहरूमा GESI सम्बन्धी अभिमुखीकरण पूर्ण नहुनु। |
| | ६ | **सुशासन र उत्तरदायित्वमा ग्यापः** लैसअसासको 'सुशासन तथा उत्तरदायित्व' मा १२/२० अंक रहनुले सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता अझै कमजोर रहेको देखाउँछ। |
| | ७ | **संस्थागत संरचनाको सुदृढीकरणः** लैसअसासको 'संस्थागत व्यवस्था' मा १४/२० अंक हुनुले GESI इकाई, अपाङ्गता समन्वय समिति जस्ता संरचनाहरू कार्यविधि बने पनि पूर्ण क्रियाशील भई नसकेको संकेत गर्छ |
| | ८ | **भौतिक पूर्वाधारको न्यूनताः** LISA को भौतिक पूर्वाधार क्षेत्रमा ८०.७७% अंक हुनु र सार्वजनिक भवनहरू अझै पनि पूर्ण रूपमा अपाङ्गतामैत्री र लैंगिकमैत्री (Gender-friendly) बन्न बाँकी रहनु। |
| **३. अवसरहरू (Opportunities)**<br><br>*(बाह्य तथा भविष्यमा प्राप्त हुने लाभ)* | ९ | **डिजिटल र प्रविधिमैत्री प्रणालीः** LISA को ८५.७५% को समग्र बलियो आधारलाई उपयोग गर्दै लैसअसासका सूचकहरूलाई पनि प्रविधिमा आवद्ध गरी अनुगमन चुस्त बनाउने अवसर। |
| | १० | **बाह्य साझेदारी र समन्वयः** केन्द्र/प्रदेश सरकार र विकास साझेदारहरूबाट GESI क्षेत्रमा प्राविधिक र आर्थिक सहयोग जुटाई 'मानव संसाधन' को क्षेत्र सुधार्ने राष्ट्रिय अनुकूलता। |
| | ११ | **बालमैत्री स्थानीय शासन (CFLG) को जगः** पालिकाले यसअघि नै बालअधिकार र समावेशीकरणमा काम गरिरहेकाले लैसअसासका बाँकी |

| | | |
|---|---|---|
| | | सूचकहरूलाई CFLG सँगै जोडेर संस्थागत गर्न सहज हुने |
| | १२ | **बजेट वृद्धि र परिचालनः** वित्तीय व्यवस्थापनमा LISA को ८४.०९% अंक रहेकाले लक्षित वर्गको क्षेत्रमा आन्तरिक स्रोत र राजस्वको हिस्सा वृद्धि गरी ठोस कार्यक्रम ल्याउन सक्ने अवसर। |
| **४. चुनौतीहरू (Threats)** | १३ | **वातावरण र विपद् व्यवस्थापनको दबाबः** LISA को वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा सबैभन्दा कम (७७.७८%) अंक रहेकाले विपद्को समयमा महिला, बालबालिका र ज्येष्ठ नागरिकलाई पर्ने जोखिम न्यूनीकरण गर्नु चुनौतीपूर्ण छ। |
| *(सामना गर्नुपर्ने बाह्य अवरोधहरू)* | १४ | **कागजी कानुन र व्यवहारिक कार्यान्वयनको खाडलः** बनेका ऐन, नियम र निर्देशिकाहरू (रातो किताबका नीतिहरू) लाई तल्लो तहका नागरिकको जीवनस्तर सुधार हुने गरी सतप्रतिशत व्यवहारमा उतार्नु । |
| | १५ | **चाहना र बजेट सन्तुलनः** १०० वटै सूचकहरूको माग पूरा गर्न र अल्पसंख्यक, अति गरिब तथा ज्येष्ठ नागरिकका बढ्दा अपेक्षाहरूलाई सीमित स्थानीय स्रोतका बीच सम्बोधन गरिरहनु। |

**निष्कर्ष विश्लेषणः** गोकर्णेश्वर नगरपालिकाको LISA र लैसअसास दुवैको नतिजाले के देखाउँछ भने पालिका **नीति निर्माण, ऐन तर्जुमा र सेवा प्रवाह**मा निकै अब्बल (सबल) छ। तर, ती नीतिहरू कार्यान्वयन गर्ने **कर्मचारीहरूको क्षमता अभिवृद्धि (मानव संसाधन)** र **सुशासन/पारदर्शिता**का सूचकहरूमा विशेष ध्यान दिई कार्ययोजना बनाउनु आवश्यक देखिन्छ।

ख तालिका नं. ४ गोकर्णेश्वर नगरपालिकाको : लैसअसास (GESI) परीक्षणको १०० सूचकको अवस्था

| विधा (SWOT) | क्र.सं. | मुख्य विश्लेषण तथा बुँदाहरू (उपलब्ध विस्तृत तालिकाको वास्तविक सूचकका आधारमा) |
|---|---|---|
| **१. सबल पक्ष (Strengths)** | १ | **सबल योजना तर्जुमा र समावेशी बजेट व्यवस्थापनः** लैसअसासको क्षेत्र १ मा १९ अंक छ। वस्ती स्तरबाट योजना छनोट (१.२.३), प्रत्यक्ष लाभ पुग्ने पुँजीगत बजेट (१.२.२) र दिगो विकास लक्ष्य ५ को स्थानीयकरण (१.२.६) मा पूर्ण काम भएको छ। |
| *(काम पूर्ण भएका सूचकहरूः+)* | २ | **अन्तर-शाखा र उपभोक्ता समितिमा महिला सहभागिताः** उपभोक्ता समितिहरूमा कम्तीमा ४०% महिला सहभागिता र मुख्य पद सुनिश्चितता (१.२.८) तथा लैंगिक भेदभाव र ज्याला विभेद रोक्ने कानुनी प्रावधान (१.१.५ र १.१.७) |

| | | |
|---|---|---|
| | | पूर्ण लागू छ। |
| | ३ | **उत्कृष्ट समावेशी सेवा प्रवाह (शिक्षा र स्वास्थ्य):** क्षेत्र ४ (सेवा प्रवाह) मा बाल र अपाङ्गमैत्री पूर्वाधार डिजाइन (४.१.१), विद्यालयमा दिवा खाजा/छात्रवृत्ति (४.३.२), र सुरक्षित मातृत्व/स्तनपान कक्ष (४.२.२) जस्ता सूचकहरू निकै बलिया छन |
| | ४ | **सुशासन, विधिको शासन र सार्वजनिक सुनुवाइः** निर्णय प्रक्रियामा विधिको शासन (५.१.१) तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ (५.२.२) मा लक्षित वर्ग र सीमान्तकृत समुदायको उपस्थिति र सहभागिता सुनिश्चित छ। |
| **२. सुधार गर्नुपर्ने पक्ष (Weaknesses)** | ५ | **संस्थागत संरचना र बजेट कोषको अभावः** लैंगिक डेस्कका लागि बजेट अभाव (२.४.३), क्षमता विकास र लैंगिक हिंसा विरुद्ध छुट्टै कोष स्थापना नहुनु (२.४.१) तथा मानव संसाधन विकास इकाई (३.१.६) नहुनु मुख्य कमजोरी हो। |
| *(काम नभएका वा आंशिक सूचकहरू:- र+/-)* | ६ | **अन्तर्राष्ट्रिय प्रतिबद्धता र चेतनाको कमीः** बेइजिङ घोषणापत्र (३.१.८, ५.१.३) र राष्ट्रसंघीय बालअधिकार महासन्धी (५.१.४) सम्बन्धी लक्षित कार्यक्रमहरू तथा पालिकालाई लैंगिक हिंसारहित घोषणा गर्ने कार्य (३.२.२) शून्य छ । |
| | ७ | **कागजी कानुन र क्षमताको खाडलः** कर्मचारी/जनप्रतिनिधिलाई संविधान र ऐन नियमबारे पर्याप्त अभिमुखीकरण नहुनु (३.३.१) तथा कार्यटोली निर्माण र मस्यौदा परिमार्जनमा लैससास दृष्टिकोण अझै आंशिक (+/-) मात्र रहनु (१.१.१)। |
| | ८ | **लैंगिक सन्तुलन र भाषिक पहुँचमा ग्यापः** निर्णयक तहमा महिलाको ५०/५०% प्रतिनिधित्व नहुनु (२.१.१), स्थानीय भाषामा सूचना प्रवाह नहुनु (५.३.२), र लक्षित समुदायको भाषा-संस्कृति बुझेका कर्मचारीबाट सेवा दिने अभ्यास (२.१.३) नहुनु। |
| **३. अवसरहरू (Opportunities)** | ९ | **LISA को उच्च जग र प्रविधि उपयोगः** LISA मा प्राप्त ८५.७५ को उच्च प्राप्ताङ्कलाई आधार मानी लैसअसासका सूचकहरूलाई पनि प्रविधिमैत्री र कम्प्युटरकृत लेखा प्रणाली (२.४.४) सँग पूर्ण आवद्ध गर्ने अवसर |
| *(बाह्य तथा भविष्यमा* | | **अद्यावधिक नगर प्रोफाइलको लाभः** पालिकाको पृष्ठभूमि खण्डिकृत तथ्याङ्क (उमेर, लिंग, जात र आर्थिक स्थिति) र गरिबीको नक्साङ्कन (२.५.१, २.५.२) |

| | | |
|---|---|---|
| *प्राप्त हुने लाभ)* | १०<br>११<br>१२ | पूर्ण रहेकाले आगामी बजेटलाई सिधै अति विपन्न केन्द्रित गर्न सकिने अवसर। **सङ्घ र प्रदेशसँगको कानुनी समन्वयः** सङ्घ र प्रदेशका नीतिहरूसँग समन्वय (५.५.१) बलियो रहेकाले सीप विकास र लोकसेवा पूर्वतयारी कक्षा (३.१.७) लाई थप सञ्जाल मार्फत विस्तार गर्न सकिने अवसर।<br><br>**समुदाय र मिडियाको साथः** स्थानीय एफ.एम. र सञ्चार माध्यमबाट लैंगिक समानताका सूचना प्रवाह (५.३.३) र विपद् व्यवस्थापनमा समुदायको सहभागिता (३.४.३) लाई संस्थागत गर्ने अनुकूलता। |
| **४. चुनौतीहरू (Threats)** | १३ | **विपद् व्यवस्थापनमा GESI नीति अभावः** विपद् व्यवस्थापन कार्यविधिमा महिला/सीमान्तकृत वर्गका लागि छुट्टै संरक्षण प्रावधान नहुनु (३.४.१) र विपद्को खण्डिकृत तथ्याङ्क (३.४.२) को कमीले संकटमा लक्षित वर्ग जोखिममा पर्न सक्ने चुनौती। |
| *(सामना गर्नुपर्ने बाह्य अवरोधहरू)* | १४ | **सामाजिक कुरीति र व्यवहारिक परिवर्तनः** समाजमा जरा गाडेर बसेका जातीय छुवाछूत, बालविवाह, र बहुविवाह जस्ता सामाजिक कुरीतिहरू विरुद्धका चेतनामूलक कार्यक्रमहरू (३.२.४) आंशिक मात्र भएकाले व्यवहारिक परिवर्तन ल्याउन गाह्रो हुनु। |
| | १५ | **अपेक्षा र परिचालनको सन्तुलनः** लैसअसासमा प्राप्त ७५ अंकलाई सतप्रतिशत (१००) मा पुऱ्याउन स्वीकृत नीति/कार्यविधि अनुरूप स्रोत व्यवस्थापन गर्नु र उपभोक्ताको क्षमता अनुसारको प्रतिफल सुनिश्चित (५.४.१) गर्नु। |

**टिप्पणीः**

यो SWOT विश्लेषणले के स्पष्ट पार्छ भने गोकर्णेश्वर नगरपालिका **नीति, योजना तर्जुमा, शिक्षा, र स्वास्थ्य सम्बन्धी सेवा प्रवाह**मा निकै बलियो (+) छ। तर, **संस्थागत संरचना (लैंगिक डेस्क र कोष), कर्मचारीको कानुनी साक्षरता क्षमता, र अन्तर्राष्ट्रिय महासन्धीहरूको आन्तरिकीकरण**मा गम्भीर ध्यान दिनुपर्ने देखिन्छ। आगामी आ.व. को नीति तथा कार्यक्रममा यी माइनस (-) र आंशिक (+/-) सूचकहरूलाई सम्बोधन गरेमा पालिकाको LISA र GESI दुवैको नतिजा अझै उत्कृष्ट हुनेछ ।

## परिच्छेद तीनः लैससास रणनीति तथा कार्यनीति

गोकर्णेश्वर नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सोच, लक्ष्य, उद्देश्यहरू, रणनीति एवं कार्य नीतिहरू देहाय बमोजिम रहेका छन्

### ३.१ संक्षिप्त नाम र प्रारम्भः

यस रणनीतिको नाम गोकर्णेश्वर नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०८२" रहेको छ ।

### ३.२ रणनीति लागू हुनेः

यो रणनीति गोकर्णेश्वर नगरपालिका नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएका मितिदेखि प्रारम्भ भएको मानिनेछ ।

### ३.३ परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा-

(क) **रणनीति** भन्नाले गोकर्णेश्वर नगरपालिकाको लैससास मूलप्रवाहीकरण रणनीति २०८३ लाई सम्झनु पर्दछ ।

(ख) **न.पा.** भन्नाले गोकर्णेश्वर नगरपालिका सम्झनु पर्दछ ।

(ग) **लैसअसास** भन्नाले लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्झनु पर्दछ ।

(घ) **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** भन्नाले महिला, पुरुष वा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र विभिन्न सामाजिक समूहहरू बीचको असमान शक्ति सम्बन्धलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरूका अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्नका लागि गरिने प्रयासलाई सम्झनु पर्दछ ।

(छ) **लैङ्गिक मूलप्रबाहीकरण** भन्नाले नगरपालिकाको विद्यमान संरचनाहरू र सबै विषयगत क्षेत्रका कानुन, नीति, कार्यक्रम तथा योजना तर्जुमाका हरेक चरणमा लैङ्गिक समानतालाई आन्तरिक करण गर्ने स्थितिलाई जनाउँछ ।

(ज) **लैङ्गिक समानता** भन्नाले समाज तथा राज्यको सबै अङ्ग, तह र क्षेत्रमा महिला, पुरुष वा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बीच समान अवसर र समान लाभ हासिल गर्ने अवस्था वा वातावरणलाई जनाउँछ ।

(झ) **लैङ्गिक समता** भन्नाले अवसर र न्यायबाट वञ्चित महिला, पुरुष वा यौनिक तथा अल्पसङ्ख्यक व्यक्तिलाई समानता कायम गर्न अवलम्बन गरिने सकारात्मक विभेद वा विशेष प्रयासलाई सम्झनु पर्दछ ।

(ञ) **सामाजिक समावेशीकरण** भन्नाले समाजमा पछाडी पारिएका लिङ्ग, वर्ग, जातजाती, समुदाय लगायत वञ्चित वर्ग समुदायलाई विकासका अवसरमा प्रत्यक्ष सहभागी गराई सार्वजनिक सेवा, स्रोत, सुविधामा पहुँच वृद्धि गर्नलाई सम्झनु पर्दछ ।

(ट) **सामाजिक बञ्चितिकरणमा** भन्नाले लैङ्गिकता, जात, जाती, धर्म, क्षेत्र, अपाङ्गता आदीको आधारमा व्यक्ति, वर्ग वा समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमता अनुसार सहभागी हुने अवसर र त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट वञ्चित गराइनु हो ।

(ठ) **वञ्चित समूह** भन्नाले लामो समयदेखि आर्थिक, सामाजिक र भौगोलिक कारणले पछाडी पारिएका महिला, दलित, जनजाति, ज्येष्ठ नागरिक, अति विपन्न, दुर्गम बस्तीमा बसोबास गर्ने व्यक्ति वा समुदाय सम्झनु पर्दछ ।

(ड) **लैङ्गिक संवेदनशील** सेवा प्रवाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरूमा महिला पुरुष र तेस्रो लिङ्गीहरूका विशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरूको सन्तुलित विकास, सार्वजनिक लाभ प्राप्तिको सुनिश्चितता र अधिकार प्राप्ति प्रति गम्भीर हुनुलाई सम्झनु पर्दछ ।

(ढ) **लैङ्गिकता** भन्नाले कुनै पनि मानिस लिङ्गको आधारमा महिला वा पुरुष वा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक भएकै कारण समाजद्वारा उनीहरूलाई दिइने विभेदपुर्ण कामको भूमिका, उनीहरू प्रति गर्ने विभेदपुर्ण सामाजिक व्यवहार र उनीहरूलाई हेर्न असमान दृष्टिकोण लाई जनाउँछ ।

(ण) **लैङ्गिक मैत्री** समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरूमा महिला, पुरुष वा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका विशेष आवश्यकताहरू सम्बोधनका लागि गरिने प्राथमिक पुर्ण व्यवहारलाई सम्झनु पर्दछ ।

(त) CEDAW: (Convention on the Elimination of All Forms of Discrimination Against Women) भन्नाले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धी सन् १९७९ लाई जनाउँछ ।

(थ) CRC भन्नाले बाल अधिकार महासन्धी (Child Rights Convention) सन् १९८९ लाई जनाउँछ ।

(द) **BPFA** भन्नाले बेइजिङ कार्य योजना **(Beijing Platform of Action)** सन १९९५ लाई जनाउँछ ।

(ध) **सीमान्तकृत समुदाय** भन्नाले आर्थिक, सामाजिक, राजनैतिक र भौगोलिक विकटताको कारण पछाडी पारिएका तथा सार्वजनिक सेवा, सुविधाको अवसरबाट वञ्चित र विभेदमा परेका साथै सङ्घीय कानुन बमोजिम मानव विकासको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्दछ ।

(द) **लैङ्गिक उत्तरदायी बजेट** भन्नाले लैङ्गिक समानताका लागि बजेटको सुनिश्चिततालाई सम्झनु पर्दछ

(ध) **लैङ्गिक प्रभाव विश्लेषण** भन्नाले स्थानीय नीति, योजना तथा कार्यक्रमबाट सबै वर्ग, जातजाती, क्षेत्रका महिला, पुरुषले प्राप्त गरेको लाभ वा अवस्थाको लेखाजोखालाई सम्झनु पर्दछ ।

(ण) **खण्डीकृत तथ्याङ्क** भन्नाले सबै जातजाती, लिङ्ग, वर्ग, क्षेत्रका महिला, पुरुष तथा यौनिक एवम् लैङ्गिक अल्पसङ्ख्यक, सीमान्तकृत समुदाय, शारीरिक अवस्था समूहहरूको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ ।

## ३.४ दीर्घकालीन सोचः

"समावेशी, समानतामूलक र न्यायपूर्ण गोकर्णेश्वर"

## ३.५ ध्येयः

"समान पहुँच, सहभागिता र अवसर सुनिश्चित गर्दै समावेशी विकास"

## ३.६ लक्ष्यः

**"समावेशी, समानतामूलक र न्यायपूर्ण स्थानीय शासन स्थापना"**

## ३.७ उद्देश्य

यस रणनीतिको प्रमुख उद्देश्य लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मान्यता अनुरूप नगरपालिकाले गर्ने सम्पूर्ण विकास तथा प्रशासनिक क्षेत्रका क्रियाकलापहरूलाई लैससास प्रति उत्तरदायी बनाउनु हो । यस रणनीतिका उद्देश्यहरू निम्नअनुसार रहेका छन् -

१. अति विपन्न एवं पछाडि परेका वर्ग, समुदायको आर्थिक सशक्तीकरण गर्नु ।
२. लैससासमैत्री कानुन, कार्यप्रणाली र लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनमा ल्याउनु ।
३. समाजमा बञ्चितिकरणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जातजाती र समुदायको पहिचान भई विकासको मूलप्रवाहमा पहुँच सुनिश्चित गर्नु ।
४. बालश्रम, बाल विवाह, बाल यौन शोषण लगायत बालबालिका माथि हुने सबै प्रकारका विभेद र शोषणको अन्त्य गर्नु ।

५. लैङ्गिक विभेद, लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक असमानता तथा जातीय छुवाछूत, बोक्सी प्रथा लगायतका गलत सामाजिक अभ्यास र कुरीति अन्त्य गर्नु ।

## ३.८ अपेक्षित प्रतिफल

गोकर्णेश्वर नगरपालिकाको लैससास (GESI) रणनीतिका उद्देश्यहरू प्रभावकारी रूपमा कार्यान्वयन भएको खण्डमा प्राप्त हुने **अपेक्षित प्रतिफलहरू (Expected Outcomes)** तल ७ बुँदामा प्रस्तुत गरिएको छः

१. **समावेशी र उत्तरदायी शासन प्रणालीको सुदृढीकरणः** नगरपालिकाको नीति निर्माण, योजना तर्जुमा र बजेट विनियोजन प्रक्रिया लैङ्गिक उत्तरदायी र समावेशी बन्नेछ, जसले गर्दा विकासका प्रतिफलहरू लक्षित वर्गसम्म न्यायोचित रूपमा पुग्नेछन्।

२. **निर्णायक तहमा अर्थपूर्ण सहभागिताः** उपभोक्ता समिति, टोल विकास संस्था र विभिन्न वडास्तरीय समितिहरूमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समूहको उपस्थिति संख्यात्मक मात्र नभई निर्णायक र अर्थपूर्ण हुनेछ।

३. **आर्थिक स्वावलम्बन र आत्मनिर्भरताः** सीपमूलक तालिम, बीउ पुँजी र सहुलियतपूर्ण ऋणमा पहुँच पुगेसँगै लक्षित वर्गका व्यक्तिहरू स्व-रोजगार बन्नेछन् र उनीहरूको जीवनस्तरमा गुणात्मक सुधार आउनेछ।

४. **पहुँचयुक्त र विभेदरहित सेवा प्रवाहः** नगरपालिकाका सबै सार्वजनिक भवन, सडक र सेवा केन्द्रहरू अपाङ्गतामैत्री तथा ज्येष्ठ नागरिकमैत्री बन्नेछन्, जसले गर्दा सबै नागरिकले अवरोधरहित सरकारी सेवाको अनुभूति गर्न पाउनेछन्।

५. **हिंसा र विभेदमा उल्लेख्य कमीः** लैङ्गिक हिंसा, जातीय छुवाछुत र सामाजिक कुरीतिहरू विरुद्धको शून्य सहनशीलता नीतिले गर्दा समाजमा सुरक्षा र न्यायको प्रत्याभूति हुनेछ र पीडितहरूले तत्काल राहत र कानुनी उपचार पाउनेछन्।

६. **मानव विकास सूचकाङ्कमा सुधारः** लक्षित वर्गका बालबालिकाको शिक्षामा पहुँच बढ्ने, मातृ-शिशु मृत्युदरमा कमी आउने र पोषणको अवस्था सुध्रिने हुनाले नगरपालिकाको समग्र मानव विकास सूचकाङ्क (HDI) मा सकारात्मक बढोत्तरी हुनेछ ।

७. **सचेत र सशक्त समाजको निर्माणः** लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी सामाजिक चेतना अभिवृद्धि भई विभेदकारी सोचमा परिवर्तन आउनेछ, जसले गर्दा एउटा न्यायपूर्ण, समतामूलक र सद्भावपूर्ण गोकर्णेश्वर नगरको निर्माण हुनेछ ।

## ३.९ लैससास मूल प्रवाहीकरणका सिद्धान्तहरू

१. **सामाजिक न्याय र समताको सिद्धान्त (Principle of Social Justice and Equity):** समाजमा रहेका ऐतिहासिक र संरचनागत विभेदहरूलाई सम्बोधन गर्दै पछाडि पारिएका वर्गलाई विशेष अवसर र प्राथमिकता प्रदान गरी समान स्तरमा ल्याउने ।

२. **अर्थपूर्ण सहभागिताको सिद्धान्त (Principle of Meaningful Participation):** लक्षित वर्गलाई केवल संख्यात्मक उपस्थितिको रूपमा मात्र नभई योजना तर्जुमा, निर्णय प्रक्रिया र कार्यान्वयनको चरणमा निर्णायक र सक्रिय भूमिका सुनिश्चित गर्ने ।

३. **अधिकारमा आधारित दृष्टिकोण (Principle of Rights-based Approach):** विकासका कार्यक्रमहरूलाई दया वा परोपकारको रूपमा नभई सबै नागरिकको नैसर्गिक अधिकारको रूपमा बुझ्ने र सोही अनुसार राज्यका स्रोत र साधनमा पहुँच पुऱ्याउने ।

४. **अन्तर-सम्बन्धितताको सिद्धान्त (Principle of Intersectionality):** एकै व्यक्तिमा लिङ्ग, जात, अपाङ्गता, भूगोल र आर्थिक अवस्थाका कारण हुनसक्ने बहु-आयामिक विभेदहरूलाई पहिचान गरी सोही अनुरूपका विशिष्ट कार्यक्रमहरू सञ्चालन गर्ने ।

५. **विभेदरहित र समावेशी वातावरणको सिद्धान्त (Principle of Non-discrimination and Inclusion):** भौतिक पूर्वाधारदेखि सेवा प्रवाह सम्मका सबै पक्षमा कुनै पनि आधारमा विभेद नगर्ने र अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र बालबालिकाका लागि पहुँचयुक्त वातावरण निर्माण गर्ने ।

६. **लैङ्गिक उत्तरदायी सुशासनको सिद्धान्त (Principle of Gender Responsive Governance):** बजेट विनियोजन, प्रशासनिक कार्यविधि र नीतिहरूलाई लैङ्गिक दृष्टिकोणबाट विश्लेषण गरी हरेक तहमा जवाफदेहिता र पारदर्शिता कायम गर्ने ।

७. **सशक्तीकरण र मूलप्रवाहीकरणको सिद्धान्त (Principle of Empowerment and Mainstreaming):** लक्षित वर्गको आत्मविश्वास र क्षमता अभिवृद्धि गर्दै लैससासका सवालहरूलाई कुनै एउटा शाखामा मात्र सीमित नराखी नगरपालिकाका सबै विषयगत क्षेत्रहरूमा समाहित गर्ने।

## ३.१० लैससास मूलप्रवाहिकरण रणनीतिको मूल्य मान्यताः

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) रणनीतिलाई संस्थागत गर्न र यसलाई व्यवहारमा उतार्नका लागि निश्चित **मूल्य मान्यताहरू (Core Values)** आधारशिलाका रूपमा रहेका हुन्छन् । गोकर्णेश्वर नगरपालिकाको रणनीतिका मुख्य मूल्य मान्यताहरू यहाँ प्रस्तुत छन्ः

१. **मानवीय गरिमा र सम्मान (Human Dignity and Respect):** हरेक नागरिक, चाहे उनीहरू जुनसुकै अवस्थाका हुन्, उनीहरूको आत्म-सम्मान र मानवीय गरिमालाई सर्वोपरि ठान्ने र कसैलाई पनि होच्याउने वा विभेद गर्ने व्यवहारको पूर्ण निषेध गर्ने ।

२. **सहभागिता र अपनत्व (Participation and Ownership):** विकासका हरेक क्रियाकलापमा लक्षित वर्गको सक्रिय र स्वःस्फूर्त सहभागिता सुनिश्चित गर्दै "हाम्रो लागि बनाइने योजनामा हाम्रो सहभागिता" भन्ने भावनालाई बलियो बनाउने ।

३. **पारदर्शिता र जवाफदेहिता (Transparency and Accountability):** लक्षित वर्गका लागि विनियोजित बजेट र कार्यक्रमको खर्च तथा कार्यान्वयन प्रक्रियालाई पारदर्शी बनाउने र प्राप्त उपलब्धि प्रति सरोकारवाला निकायलाई जिम्मेवार बनाउने ।

४. **समता र सामाजिक न्याय (Equity and Social Justice):** समानलाई समान र असमानलाई आवश्यकताका आधारमा विशेष व्यवहार (सकारात्मक विभेद) गर्दै समाजका सबैभन्दा पछाडि पारिएका व्यक्तिलाई प्राथमिकतामा राख्ने ।

५. **विविधताको स्वीकारोक्ति (Acceptance of Diversity):** नगरभित्र रहेका विभिन्न जातजाति, भाषा, धर्म, लिङ्ग, अपाङ्गता र सांस्कृतिक विविधतालाई नगरको सम्पत्तिका रूपमा स्वीकार गर्दै सबैको पहिचान र अस्तित्वको सम्मान गर्ने ।

६. **शून्य सहनशीलता (Zero Tolerance):** लैङ्गिक हिंसा, कार्यस्थलमा हुने दुर्व्यवहार, जातीय छुवाछुत र बालबालिका विरुद्ध हुने सबै प्रकारका शोषण विरुद्ध शून्य सहनशीलताको नीति अपनाउने ।

७. **निरन्तर सिकाइ र सुधार (Continuous Learning and Improvement):** सामाजिक परिवेश र आवश्यकताहरू परिवर्तनशील हुने भएकाले लैससासका क्षेत्रमा भएका नयाँ अभ्यासहरूलाई आत्मसात गर्दै आफ्नो कार्यशैली र नीतिमा निरन्तर परिमार्जन गर्ने ।

यी मूल्य मान्यताहरूले नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरूलाई रणनीतिको सफल कार्यान्वयनका लागि नैतिक मार्गनिर्देशन प्रदान गर्नेछन् ।

## ३.११ गोकर्णेश्वर  नगरपालिकाको लैससास रणनीतिमा व्यवस्था गरिएको प्रमुख उद्देश्यहरू / प्रतिफल, रणनीति तथा कार्यनीतिहरूः

तालिका नं. ४ गोकर्णेश्वर नगरपालिकाको लैसअसास सम्बन्धी रणनीति,उद्देश्य तथा कार्यनीतिहरु

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य नं. १ः समाजमा वञ्चितिकरणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, जातजाती र समुदायको पहिचान भई विकासको** | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **मूलप्रवाहमा पहुँच सुनिश्चित गर्नु ।** | |
| १.१ लक्षित समूह पहिँचान सहितको खण्डिकृत तथ्याङ्क सङ्कलन तथा नियमित अद्यावधिक गर्ने । | १. वडा तहमा खण्डिकृत तथ्याङ्क नियमित अद्यावधीक गरी लक्षित बर्ग तथा समूहको पहिँचान र प्राथमिकिकरण गरिनेछ ।<br>२. खण्डिकृत तथ्याङ्क सङ्कलनका लागि आवश्यक मानवस्रोत तथा बजेटको व्यवस्थापन गरिनेछ । |
| १.२ महिला, एकल महिला बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, विपन्न एंव पछाडि परेका वर्ग, समुदायको आर्थिक सामाजिक सशक्तिकरण गर्ने । | १. बिपन्न एवम् बञ्चित समुदायको आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गरिनेछ ।<br>२. नगरपालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, अपाङ्ग, लगायत वञ्चित समूहलाई विशेष प्राथमिकताको आधारमा उद्यमशिलता मार्फत स्वरोजगार बनाई उनीहरूको जीविकोपार्जनमा सुधार गरिनेछ ।<br>३. नगरपालिका क्षेत्रमा रहेका आदिवासी जनजाति तथा दलित वर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाहरूको परिमार्जन तथा पुनःस्थापना, व्यवस्थापन र सुधार गरिनेछ ।<br>४. नगरपालिकाको योजना तर्जुमा गर्दा बिपन्न एवम् सामाजिक रुपले पछाडि परेका बिपन्न र बञ्चित समुदायको सहभागिता बढाउन जनचेतना तथा क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ । |
| १.३ः निर्णायक तहमा लैङ्गिक तथा सामाजिक समावेशी हिसावले अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने । | १. नगरपालिकाको हाल निर्णायक भूमिकामा रहेका महिला, दलित तथा बञ्चित समुदायका व्यक्तिहरूको नेतृत्व विकास सम्वन्धी क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>२. लक्षित समूहका मानिसहरूलाई निर्णायक भूमिका बहन गर्न सक्ने क्षमताको विकास गर्न नेतृत्व विकास तथा क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. स्थानीय स्तरमा संचालित योजना तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि गठित विभिन्न समिति तथा उपसमितिहरू र टोल विकास संस्थाका कार्यकारी पदमा महिला, दलित तथा वञ्चित वर्गका व्यक्तिहरूको सक्रिय प्रतिनिधित्व बढाउन क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. टोल, वडा हुदै नगरपालिका तहका संरचनाहरूमा लैंगिक तथा समावेशी सहभागिता सुनिश्चित गर्न नगरपालिकाले कार्यबिधि बनाई लागु गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य नं. २: बालश्रम, बाल बिबाह, बाल यौन शोषण लागायत बालबालिका माथि हुने सबै प्रकारका विभेद र शोषणको अन्त्य भएको गर्नु ।** | |
| २.१: बालश्रम अन्त्य भएको नगरपालिका घोषणा गर्ने । | १. बालश्रम बिरुद्ध आवधिक कार्ययोजना बनाई लागु गरिनेछ ।<br>२. टोलबस्ती र वडा तहदेखि बालश्रमको तथ्याङ्क सङ्कलन र नियमित अद्यावधिक गरिनेछ ।<br>३. बालश्रम बिरुद्ध सामाजिक जागरणका अभियान टोलबस्ती सम्म ब्यापक बनाइनेछ ।<br>४. बाल श्रम बिरुद्ध जनचेतना अभिबृद्धिका लागि योजना तथा बजेट सुनिश्चित गरिनेछ ।<br>५. अति बिपन्न तथा पछाडि परेका परिवारहरूको जिविकोपार्जनमा सुधार गर्न आयआर्जन सम्बन्धी योजना तथा कार्यक्रममा बजेट सुनिश्चित गरिनेछ । |
| २.२ बाल बिबाह अन्त्य भएको नगरपालिका घोषणा गर्ने । | १. बाल बिबाह बिरुद्ध नगरपालिकाले निर्माण गरेको रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२. सरोकारवाला बिच समन्वय र सहकार्य बिस्तार गरी बाल बिबाह बिरुद्ध जागरण अभियान संचालन गरिनेछ ।<br>३. बाल बिबाह बिरुद्ध सामाजिक बहिष्कार बढाउन र कानुनी दायरामा ल्याउन प्रेरित गर्न कानुनी शिक्षा सम्बन्धी अभिमूखिकरण तथा अन्तरक्रिया संचालन गरिनेछ । |
| २.३: सबै प्रकारका बालबालिकाहरूको संरक्षण सुनिश्चित गर्ने । | १. नगरपालिकाले निर्माण गरेको बाल संरक्षण नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२. बालबालिकको पुर्ण खोप सुनिश्चिताका लागि जनचेतनामूलक र प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ ।<br>३. सबै सार्वजनिक निकायहरूमा स्तनपान कक्ष व्यवस्थापन सम्बन्धी कार्यबिधि बनाई लागु गरिनेछ ।<br>४. सबै सार्वजनिक निकायहरूमा बालमैत्री संरचना निर्माणका लागि कार्यबिधि बनाई लागु गरिनेछ ।<br>५. बिद्यालय तहमा बालबालिका माथि हुने हिंसा, यौनजन्य शोषण लगायत सबै प्रकारका विभेद बिरुद्ध कानुनी साक्षरता कक्षा संचालन गरिनेछ ।<br>६. बालमैत्री व्यवहार अवलम्बनका लागि सबै सरोकारवाला बिच नियमित अन्तरक्रिया तथा अभिमूकिकरण कार्यक्रम संचालन गरिनेछ । |
| **उद्देश्य नं. ३: लैंगिक विभेद, लैंगिक हिंसा, घरेलु हिंसा, सामाजिक असमानता तथा जातीय छुवाछुत, बोक्सी प्रथा लगायतका गलत सामाजिक अभ्यास र कुरीति अन्त्य गर्नु ।** | |
| ३.१: लैंगिक हिंसा बिरुद्ध सुन्य | १. लैंगिक हिंसा मुक्त नगरपालिका घोषणाका लागि आवधिक कार्य योजना बनाई लागु गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| सहनशिलता अवलम्बन गर्ने । | २. लैंगिक हिंसा बिरुद्धका अभियानहरू संचालनका लागि सरोकारवाला बीच समन्वय र सहकार्य बिस्तार गरिनेछ ।<br>३. नगरपालिकाको वार्षिक नीति तथा योजनामा लैंगिक हिंसा बिरुद्धका कार्यक्रम सुनिश्चित गरी निश्चित प्रतिशत बजेट बिनियोजन गरिनेछ ।<br>४. जनचेतनामूलक अभियान ब्यापक बनाउन टोलबस्ती सम्मको संरचना बनाई परिचालन गरिनेछ ।<br>५. लैंगिक हिंसा बिरुद्धका कानुनी प्राबधानहरूको जानकारी र प्रभावकारी कार्यान्वयनका लागि सबै वडा तहमा कानुनी साक्षरता शिक्षा नियमित संचालन गरिनेछ ।<br>६. लैंगिक हिंसा तथा घरेलु हिंसा पीडित तथा प्रभावितहरूलाई न्यायिक उपचारको अबधीभर सुरक्षित आवासका लागि सुरक्षित आश्रयस्थलको व्यवस्थापन गरिनेछ ।<br>७. लैंगिक हिंसा पीडितहरूको न्यायिक तथा स्वास्थ्य उपचार लगायत आर्थिक स्वावलम्बन सुनिश्चत गर्न लैंगिक हिंसा बिरुद्धको कोष परिचालन गरिनेछ ।<br>८. महिलाको मानसिक स्वास्थ्य समस्या समाधानका लागि परामर्श सेवा सञ्चालन गरिनेछ । |
| **३.२ः** सबै प्रकारका विभेदकारी मुल्यमान्यता बिरुद्ध वकालत क्षमता बृद्धि गर्ने । | १. समुदायस्तरमा प्रचलित कुरीति र कुसंस्कार अन्त्य गर्ने खालका सृजनात्मक कार्यक्रमहरू जस्तैः जातीय विभेद, सामाजिक विभेद, लैङ्गिक विभेद विरुद्ध प्रतिकारात्मक क्षमता बढाउन समुदाय तहमा कानूनी शिक्षा र जनचेतनामूलक अभियान सञ्चालन गरिनेछ । |
| **उद्देश्य नं. ४ः लैससासमैत्री कार्यप्रणाली र लैङ्गिक उत्तरदायि बजेट कार्यान्वयनमा ल्याउनु ।** | |
| ४.१ः लैससास सम्बन्धी राष्ट्रिय कानुन तथा नीति र अन्तराष्ट्रिय प्राबधानहरूको स्थानीयकरण गर्ने । | १. लैससास सम्बन्धी राष्टिय नीति तथा कानुन र अन्तर्राष्ट्रिय प्राबधान अनुरुप स्थानीय कानुन तथा र कार्यबिधि बनाई लागु गरिनेछ ।<br>२. नेपाल सरकारले प्रतिवद्धता जनाएका महिला, बालबालिका र मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुन, सन्धी, महासन्धी र सम्झौताहरूको वारेमा नगरपालिकाका जनप्रतिनिधि, टोल विकास संस्थाका पदाधिकारी लगायत कर्मचारीहरूमा व्यापक जानकारी गराइनेछ ।<br>३. महिला, बालबालिका र मानवअधिकार सम्वन्धी निर्माण गरिएका राष्ट्रिय कानुनहरू र नेपाल सरकारद्धारा विभिन्न समयमा प्रतिबद्धता जनाएका मानवअधिकार लगायतका अन्तराष्ट्रिय सन्धि महासन्धी र घोषणापत्रका बारेमा वडा तथा समुदाय तहमा व्यापक जानकारीको लागि सचेतनामुलक अभियानका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४. दिगो विकास एजेण्डा, २०३० मा व्यवस्था भएका १७ वटा लक्ष्यहरू र उक्त लक्ष्य |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | अन्तर्गतका सूचकहरू साथै दिगो विकास लक्ष्य नं. ५ ले निर्दिष्ट गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका बारेमा नगरकार्यपालिका साथै वडा तहसम्म जानकारी गराई सोही आधारमा वार्षिक नीति तथा कार्यक्रम र बजेटको विनियोजनमा प्राथमिकता दिइनेछ ।<br>५. शान्ति निर्माण प्रक्रियामा महिला सहभागिता अभिवृद्धि र द्वन्द्ध र द्वन्द्ध पश्चात हुने हिंसाबाट प्रभावितहरूको सुरक्षा सम्वन्धमा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदबाट पारित गरिएको प्रस्ताव नं. १३२५ र १८२० सम्वन्धी विषयमा जनप्रतिनिधि लगायत सबै कर्मचारीहरू र समुदायस्तरमा अभिमूखीकरण गर्ने साथै सूचना तथा संचार सामाग्री मार्फत प्रचार प्रसारमा ल्याई जानकारी गराइनेछ ।<br>६. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ मा भएका प्रावधानहरूको बारेमा नगरपालिकाका जनप्रतिनिधि लगायत कर्मचारी तहमा व्यापक जानकारी गराई यौनजन्य दुव्र्यवहार विरुद्ध शून्य सहनशीलता अपनाउन अभिप्रेरीत गरिनेछ । |
| ४.२: लैंससामैत्री संयन्त्र र सेवा प्रवाह सुनिश्चित गर्ने । | १. नगरपालिकामा लैङ्गिक समानता तथा समावेशी विकासका लागि सरोकारवालाबीच सञ्जाल गठन गरी नियमित कार्य गरिनेछ ।<br>२. लैससास इकाई/शाखा स्थापना गरिनेछ ।<br>३. नगरपालिकाको लैससास इकाई/शाखामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा काम गर्नका लागि लैङ्गिक सम्पर्क व्यक्ति नियुक्त गरिनेछ ।<br>४. नगरपालिकामा गठन गरिने विभिन्न समिति तथा उपसमितिहरूमा नेपाल सरकारको नीति अनुरुप लैङ्गिक समावेशी तथा समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ ।<br>५. नगरपालिकाका सबै संयन्त्रहरू र नगरपालिका भित्रका सबै सरकारी निकाय तथा संघसंस्थाहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री शौचालय, स्तनपान कक्ष, गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था सुनिश्चित गरिनेछ ।<br>६. नगरपालिका, वडा कार्यालय र यस क्षेत्र अन्तर्गतका प्रत्येक सरकारी, गैरसरकारी संस्थाबाट संचालित योजना तथा कार्यक्रमको लैङ्गिक तथा सामाजिक समावेशी परीक्षण गरिनेछ ।<br>७. नगरपालिका क्षेत्रमा गठित उपभोक्ता समिति, टोल विकास संस्थाहरूको प्रवर्द्धन गरिनेछ ।<br>८. संस्था संगठन जस्ता समुह गठन गर्दा लक्षित समुदायहरूको समावेशी सहभागिता सुनिश्चित गराउनुका साथै समूहमा नयाँ सदस्यको प्रवेश प्रक्रिया सरल र सहज बनाइनेछ ।<br>९. नगरपालिका लगायत यस क्षेत्रभित्र कार्यरत सेवाप्रदायक संस्थाहरूबाट संचालित |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | योजना तथा कार्यक्रमहरूको वार्षिक वा आवधिक सार्वजनिक सुनुवाई र सार्वजनिक लेखा परीक्षण गर्ने कार्यलाई संस्थागत गरिनेछ ।<br>१०.नगरपालिकाका सबै वडाहरूका बस्तीहरूमा महिला, लैंगिक तथा यौनिक अल्पसंख्यक, वञ्चित तथा दलित वर्गको अर्थपूर्ण लैङ्गिक तथा समावेशी सहभागिता सुनिश्चित गर्दै टोल विकास संस्था गठन गरी परिचालन गरिनेछ ।<br>११.महिला, बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरिक, दलित लगायतका वञ्चित वर्गको नगरपालिकामा प्रत्यक्ष पहुँचका लागि उनीहरूको सञ्जाल निर्माण गरी परिचालन गरिनेछ ।<br>१२.नगरपालिकाका सबै किसिमका सेवा प्रवाह प्रक्रियामा लैङ्गिक सम्वेदनशील कार्य प्रणाली अवलम्वन गरिनेछ । |

## ३.१२ गोकर्णेश्वर नगरपालिकाको लैसअसास सम्बन्धी ३ वर्षे कार्ययोजना (एकीकृत तालिका)

तल प्रस्तुत तालिकाले स्थानीय तहको संस्थागत सबलीकरण र सामाजिक न्यायको अवस्थालाई मापन गर्ने दुई प्रमुख औजारहरू'स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) र लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैसअसास) सूचकहरूको नतिजालाई एकीकृत गरी तयार पारिएको विधागत (SWOT) विश्लेषणलाई प्रस्तुत गरेको छ । यस तालिकाको मुख्य उद्देश्य पालिकाको विद्यमान नीतिगत, प्रशासनिक, र सेवा प्रवाहको अवस्थामा रहेका सबल पक्षहरू पहिचान गर्नुका साथै आन्तरिक क्षमता र सुशासनका क्षेत्रमा देखिएका कमजोरीहरूलाई केलाउनु हो। बाह्य वातावरणबाट प्राप्त हुन सक्ने डिजिटल रूपान्तरण र बालमैत्री स्थानीय शासन (CFLG) जस्ता अवसरहरू एवं विपद् व्यवस्थापन र स्रोतको सीमितता जस्ता चुनौतीहरूको वस्तुनिष्ठ लेखाजोखा गर्दै आगामी दिनमा समावेशी र उत्तरदायी स्थानीय शासन सञ्चालनका लागि रणनीतिक मार्गदर्शन तय गर्न यो विश्लेषण अत्यन्तै सान्दर्भिक र महत्त्वपूर्ण देखिन्छ ।

तालिका नं. ५ गोकर्णेश्वर नगरपालिकाको आगामी तीन वर्षे कार्ययोजना

| क्र.सं. | सूचक/समस्या क्षेत्र | प्रस्तावित क्रियाकलाप | समय (१/२/३ वर्ष) | जिम्मेवार शाखा | सहकार्य | बजेट (अनुमानित रु.) | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|---|---|
| १ | नीति/कानुन लैसअसास परीक्षण कमजोर | सबै नीति/कार्यविधिमा लैसअसास परीक्षण अनिवार्य प्रणाली लागू | १–२ | योजना शाखा | सामाजिक समावेशीकरण | 25,00,000 | नीति समावेशी हुने |
| २ | समावेशी योजना तर्जुमा कमजोर | सहभागी योजना तर्जुमा (वडा तह सुनुवाइ/छलफल) | १–३ | योजना शाखा | वडा कार्यालय | 35,00,000 | सहभागिता वृद्धि |
| ३ | बजेट समावेशी ट्र्याकिङ छैन | लैसअसास बजेट कोडिङ/ट्र्याकिङ प्रणाली | २–३ | आर्थिक प्रशासन | ICT | 20,00,000 | पारदर्शिता वृद्धि |
| ४ | लैङ्गिक इकाई कमजोर | लैङ्गिक तथा सामाजिक समावेशीकरण इकाई सुदृढ | १–२ | सामाजिक समावेशीकरण | प्रशासन | 45,00,000 | संस्थागत क्षमता |
| ५ | कर्मचारी क्षमता कमजोर | वार्षिक लैसअसास क्षमता विकास तालिम | १–३ | प्रशासन | संघ/प्रदेश | 30,00,000 | दक्ष जनशक्ति |
| ६ | प्रतिनिधित्व असन्तुलन | समिति/उपसमिति समावेशी प्रतिनिधित्व अनुगमन | १–२ | योजना शाखा | प्रशासन | 10,00,000 | समावेशी निर्णय |
| ७ | कानुनी ज्ञान कमजोर | संविधान, LGOA, CEDAW सम्बन्धी तालिम | १ | प्रशासन | न्याय शाखा | 25,00,000 | कानुनी साक्षरता |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | महिला सशक्तीकरण कमजोर | महिला नेतृत्व/सीप विकास कार्यक्रम | १–२ | सामाजिक शाखा | NGO | 40,00,000 | सशक्त महिला |
| ९ | विपद् समावेशी योजना कमजोर | समावेशी विपद् व्यवस्थापन तालिम | २–३ | विपद् शाखा | स्वास्थ्य | 20,00,000 | जोखिम न्यूनीकरण |
| १० | अपाङ्गमैत्री संरचना कमजोर | सबै भवनमा पहुँचयुक्त पूर्वाधार सुधार | १–३ | इन्जिनियरिङ | सामाजिक शाखा | 55,00,000 | पहुँचयुक्त संरचना |
| ११ | खानेपानी/सरसफाइ असमान | WASH सुधार तथा शौचालय सुधार कार्यक्रम | १–२ | खानेपानी शाखा | स्वास्थ्य | 45,00,000 | स्वच्छता सुधार |
| १२ | मातृ स्वास्थ्य जोखिम | सुरक्षित मातृत्व कार्यक्रम विस्तार | १–३ | स्वास्थ्य शाखा | महिला शाखा | 60,00,000 | मातृ मृत्यु घट्ने |
| १३ | स्वास्थ्य बीमा पहुँच कम | विपन्न स्वास्थ्य बीमा सहजीकरण | २–३ | स्वास्थ्य शाखा | सामाजिक सुरक्षा | 30,00,000 | स्वास्थ्य सुरक्षा |
| १४ | बालिका शिक्षा चुनौती | किशोरी सशक्तीकरण र STEM कार्यक्रम | १–३ | शिक्षा शाखा | NGO | 35,00,000 | शिक्षा सुधार |
| १५ | छात्रवृत्ति प्रभाव कमजोर | लक्षित छात्रवृत्ति वितरण सुधार | १–३ | शिक्षा शाखा | वडा | 30,00,000 | समान पहुँच |
| १६ | बेरोजगारी उच्च | सीपमूलक तथा रोजगार तालिम | १–२ | रोजगार शाखा | उद्योग | 60,00,000 | रोजगार वृद्धि |
| १७ | प्रविधि कमजोर | कृषि/उद्यम प्रविधि हस्तान्तरण | २–३ | कृषि शाखा | सहकारी | 40,00,000 | उत्पादन वृद्धि |
| १८ | सूचना पहुँच कमजोर | बहुभाषिक डिजिटल सूचना प्रणाली | १–३ | ICT शाखा | प्रशासन | 25,00,000 | सूचना पहुँच |
| १९ | अनुगमन कमजोर | समावेशी M&E प्रणाली | १–३ | योजना शाखा | सबै शाखा | 20,00,000 | उत्तरदायित्व |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विकास | | | | | |
| २० | समन्वय कमजोर | लैसअसास समन्वय सञ्जाल गठन | १–२ | योजना शाखा | संघ/NGO | 15,00,000 | समन्वय सुधार |
| २१ | सामाजिक हिंसा नियन्त्रण कमजोर | लैङ्गिक हिंसा न्यूनीकरण कार्यक्रम | १–३ | सामाजिक शाखा | प्रहरी/NGO | 40,00,000 | हिंसा घट्ने |
| २२ | कुरीति (बालविवाह/छाउपडी) | सामाजिक सचेतना अभियान | १–३ | सामाजिक शाखा | शिक्षा | 25,00,000 | कुरीति न्यूनीकरण |
| २३ | समावेशी तथ्याङ्क कमजोर | खण्डीकृत लैसअसास डेटा व्यवस्थापन | १–२ | योजना शाखा | ICT | 20,00,000 | तथ्याङ्क सुधार |
| २४ | सार्वजनिक सुनुवाइ कमजोर | नियमित सामाजिक परीक्षण/सुनुवाइ | १–३ | योजना शाखा | नागरिक समाज | 15,00,000 | जवाफदेहीता |
| २५ | विपद् राहत असमान | समावेशी विपद् कोष सञ्चालन | २–३ | विपद् शाखा | प्रशासन | 20,00,000 | समावेशी राहत |
| | **जम्मा** | **अक्षेरुपी आठ करोड मात्र** | | | | | ८००००००० |

## कार्ययोजनाको मुख्य विशेषता

- सबै (-) र **(+/-) सूचकहरूलाई सुधारमुखी क्रियाकलापमा रूपान्तरण**
- **समावेशी सेवा, क्षमता विकास र प्रविधिमैत्री प्रणालीमा जोड**
- **वर्षगत घट्दो बजेट (पहिलो वर्ष भारी, पछि घट्दै)**
- सामाजिक समावेशीकरण, शिक्षा, स्वास्थ्य, रोजगारी सबै समेटिएको
- नगरपालिका कार्यान्वयनमैत्री संरचना

## परिच्छेद चारः लैससास रणनीति कार्यान्वयन, अनुगमन र प्रतिवेदन

### ४.१ रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व

गोकर्णेश्वर नगरपालिकामा लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समितिको हुनेछ । रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न र कार्यक्षेत्रमा सञ्चालित कार्यक्रम तथा योजनाहरूको अनुगमन गरी सुझाव तथा समन्वयको कार्य पनि यही समितिले गर्नेछ, जसको गठन देहाय बमोजिम हुनेछः

| | | |
|---|---|---|
| (क) | नगरपालिकाका नगर प्रमुख | संयोजक |
| (ख) | नगरपालिकाका नगर उप प्रमुख | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत . | सदस्य |
| (घ) | सामाजिक विकास समितिका संयोजक एकजना | सदस्य . |
| (ङ) | कार्यपालिका महिला सदस्य १ जना | सदस्य |
| (च) | दलित समुदायका प्रतिनिधि १ जना | सदस्य |
| (छ) | आदिवासी जनजाति प्रतिनिधि एक १ जना | सदस्य |
| (ज) | अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधि १ जना | सदस्य |
| (झ) | ज्येष्ठ नागरिक सञ्चालका प्रमुख १ जना पदेन | सदस्य |
| (ज) | अल्पसङ्ख्यक / सीमान्तकृत समुदायको प्रतिनिधि १ जना | सदस्य |
| (ट) | सामाजिक समावेशीकरण शाखा प्रमुख | सदस्य-सचिव |

#### ४.१.१ लैससास समितिको काम, कर्तव्य र अधिकार

क. रणनीति कार्यान्वयनको लागि कार्यपालिकामा बजेट प्रस्ताव गरी माग गर्ने,

ख. लैससास रणनीति कार्यान्वयनको लागि आवश्यक कार्यक्रम/ योजनाहरू तर्जुमा गरी स्वीकृतको लागि कार्यपालिकामा टेबुल गर्ने,

ग. लैससास रणनीतिलाई समय परिस्थिति अनुसार परिमार्जन तथा संशोधन गर्ने,

घ. थप बजेटको लागि स्थानीय सरोकारवालाहरूसँग समन्वय गर्ने,

ङ. चौमासिक समीक्षालाई नियमित र प्रभावकारी बनाउने,

च. लैससास रणनीति कार्यान्वयनको सन्दर्भमा अनुगमन प्रणालीलाई चुस्त बनाई कार्यान्वयन गर्ने,

#### ४.१.२ वडास्तरको वडा समिति गठन

नगरपालिकाका सबै वडाहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा अनुगमन गरी नगरपालिकालाई सुझाव दिने प्रयोजनको लागि देहाय बमोजिमको एक समिति गठन गरिनेछ-

क. वडा अध्यक्ष — संयोजक

ख. दलित, अपाङ्ग तथा महिला जनप्रतिनिधिहरूबाट ३ जना सदस्य

ग. वडा सचिव — सदस्य सचिव

### ४.१.३ वडास्तरको लैससास कार्यान्वयन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार-

क. लैङ्गिक तथा सामाजिक समावेशीकरण समितिद्वारा सञ्चालित कार्यक्रमहरूलाई वडा तहमा प्रभावकारी बनाउने,

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयनका कार्यक्रमहरू वडा स्तरमा तर्जुमा गर्नुका साथै कार्यान्वयन तहमा अनुगमन गर्ने र लैससासको कार्य योजना अनुसार समीक्षा कार्यक्रमको व्यवस्थापकीय पक्षमा सहयोग गर्ने,

ग. लक्षित वर्गसँग सम्बन्धित वडास्तरका तथ्याङ्कहरू सङ्कलन गर्न लैससास समितिलाई सहयोग गर्ने,

घ. लैससास समितिले तोकि दिएका अन्य कार्यहरू गर्ने,

## ४.२ लैससास क्षेत्रमा सरोकारवालाहरूको भूमिका

गोकर्णेश्वर नगरपालिकाले लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तहदेखि केन्द्रीय तहसम्मको सम्बन्धित सरोकारवालाहरूसँग समन्वयको प्रयास गर्नेछ । लक्षित वर्गमुखी योजना / कार्यक्रमहरूको प्राथमिककरण गरी प्रभावकारी कार्यान्वयनको लागि निरन्तर समन्वय र सहकार्यमा जोड दिइनेछ । रणनीतिलाई हुबहु कार्यान्वयनको लागि एक रणनीति कार्यान्वयन कार्य योजना तर्जुमा गरी लागू गरिनेछ । नगरपालिका अन्तर्गतका सबै विषयगत शाखा, वडा कार्यालय साथै यस क्षेत्रका सबै सार्वजनिक निकाय, निजी क्षेत्र तथा गैरसरकारी सङ्घ/संस्था र जिल्ला, प्रदेश र केन्द्रीय तहका सम्बन्धित निकाय तथा गैरसरकारी संङ्घ/संस्थाहरूसँग निकटतम समन्वय र सहकार्य गरिनेछ । कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि स्थानीय जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास गर्नुका साथै सम्बन्धित सरोकारवालाहरूलाई केन्द्रमा राखेर कार्यक्रम सञ्चालन गर्ने नीतिलाई अङ्गीकार गरिनेछ ।

लैससास रणनीतिमा सबै सरोकारवालाहरूको भूमिका निर्धारण गरी कार्यान्वयनका लागि नियमित समन्वय तथा सम्बन्ध बिस्तार गरी कार्यान्वयनको क्षेत्रमा सहकार्य गरिनेछ । सरोकारवालाहरूले तोकिएको भूमिका प्रभावकारी रूपमा निर्वाह गरे/नगरेको जानकारीको लागि अनुगमन प्रणालीलाई सशक्त बनाइनेछ । नगरपालिकाबाट लैससास क्षेत्रमा काम गर्ने सरोकारवाला निकायहरूको भूमिका तथा जिम्मेवारी निम्न तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ६ स्थानीयस्तरमा सरोकारवालाहरुको भूमिका र जिम्मेवारी

| (क) सरोकारवाला निकायहरू | (ख) भूमिका तथा जिम्मेवारी |
|---|---|
| १) लक्षित समूहहरू (महिला, दलित, बालबालिका, ज्येष्ठ नागरिक सञ्जाल, आमा समूह, महिला समूह तथा सहकारी आदि) | १) प्रमुख सरोकारका लक्षित समूहहरूको सवाल एवम् समस्या तथा आवश्यकताका सम्बन्धमा खण्डीकृत तथ्याङ्क सङ्कलन गरी आवश्यक सूचना उपलब्ध गराउने,<br>२) समाजमा विद्यमान विभेदकारी प्रचलन तथा असमानताका विरुद्ध अभियान सञ्चालन गर्न योजना बनाई माग गर्ने,<br>३) उनीहरूका लागि पर्याप्त योजना तथा बजेट सुनिश्चित गर्न माग गर्ने । योजना तर्जुमा चरणदेखि कार्यान्वयन तथा अनुगमन चरणमा प्रमुख साझेदारका रूपमा नियमित समन्वय र सहकार्य गर्ने वा गर्न, गराउन वकालत गर्ने, |
| २) गैरसरकारी सङ्घ संस्थाहरू | १) कानुनहरूको प्रभावकारी कार्यान्वयनका लागि साझेदारी गर्ने,<br>२) महिला, दलित, जनजाति, अति विपन्न तथा वञ्चित समूहका लागि आर्थिक सामाजिक सशक्तीकरण तथा सामाजिक परिचालन सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन प्रक्रियामा लैंससास उत्तरदायी तथा संवेदनशील बनाउन सहजीकरण गर्नुका साथै प्राविधिक सहयोग गर्ने,<br>३) लैङ्गिक हिंसा, घरेलु हिंसा र विभिन्न महामारी वा विपदबाट पीडित तथा प्रभावितहरूलाई राहत, उद्धार लगायत सामाजिक सुरक्षा तथा तत्काल संरक्षण प्रदान गर्न सहयोग गर्ने,<br>४) नगरपालिकाले निर्दिष्ट गरे बमोजिम लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरू सम्बोधनका लागि नियमित वकालत तथा आवश्यकता अनुसार समन्वय एवं साझेदारीमा कार्य गर्ने,<br>५) लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक विभेद र हानिकारक गलत सामाजिक मूल्य मान्यता र कुरीति विरुद्ध सकारात्मक परिवर्तन र सोचको विकास गर्न सामाजिक जागरण अभियान तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, |
| ३) निजी क्षेत्र (विकास बैक, वित्तीय संस्था र उद्योग वाणिज्य सङ्घ आदि) | १) निजीक्षेत्रबाट उपलब्ध गराउने बस्तु तथा सेवाहरूमा सबै समुदाय तथा वर्गको पहुँच सुनिश्चित गर्न दुर्गम वस्तिहरूमा समेत सेवा प्रवाह प्रभावकारी बनाउने,<br>२) महिला, विपन्न तथा वञ्चित समूहहरूको आर्थिक सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग उपलब्ध गराउने,<br>३) वडा तथा बस्ती स्तरमा विभिन्न उद्यमीहरू बाट उत्पादित बस्तुहरूको बजारी करणका लागि वडा तथा नगरपालिकासँग समन्वय र सहयोग गर्ने,<br>४) महिला, दलित लगायत पछाडि परेका समुदायलाई व्यवसाय तर्फ उन्मुख गराउन |

| | |
|---|---|
| | अभिमुखीकरण कार्य मार्फत प्रोत्साहन गर्ने,<br>५) नगरपालिकासँग समन्वय गरी लक्षित वर्ग उत्थान सम्बन्धी कार्यहरू सञ्चालन गर्ने, |
| ४) अन्य सरकारी तथा सार्वजनिक निकायहरू | १) लैससासमैत्री संरचना निर्माण गरी कार्यप्रणाली अवलम्बन गर्ने,<br>२) लैससास संवेदनशील व्यवहार अवलम्बनका लागि आचारसंहिताको पुर्ण पालना गर्ने,<br>३) सेवा प्रवाहमा सबै वर्ग समुदायको पहुँच सुनिश्चित गर्न तथा लाभ एवम् अवसरको बाँडफाँटमा न्यायोचित वितरण प्रणाली अवलम्बन गर्ने,<br>४) महिला, बालबालिका, विभिन्न खाले हिंसा पीडित, विपन्न लगायत बञ्चितीमा परेका जनसाधरणलाई लैससास संवेदनशील एकीकृत स्वास्थ्य सेवा प्रणाली सुनिश्चित गर्ने,<br>५) मानसिक स्वास्थ्य तथा प्रजनन स्वास्थ्य लैङ्गिक हिंसा विरुद्धको सेवालाई सरल र सहज बनाउन स्वास्थ्य सेवा कानुनी परामर्श साथै मन विमर्श सेवाको व्यवस्था गर्ने,<br>६) लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन गर्ने गराउने, |
| ५) प्रदेश तथा सङ्घीय सरकार | १) लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तरराष्ट्रिय प्रावधानहरूलाई स्थानीयकरण गर्न नगरपालिका लगायत सरोकारवालाहरूको क्षमता विकास गर्ने,<br>२) लैससास दृष्टिकोणबाट योजना तर्जुमा तथा कार्यान्वयनका लागि अनुगमन ढाँचाहरू पुनरावलोकन गर्न लगाई नियमित समन्वय तथा अनुगमन गर्ने<br>३) नियमित लैङ्गिक उत्तरदायी बजेट निर्माण र लैससास परीक्षण गर्न क्षमता विकास गर्ने र काम सम्पन्न भए नभएको नियमित समन्वय तथा अनुगमन गर्ने । |
| ६) विकास साझेदारहरू | १) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यविधिहरूको निर्माण तथा पुनरावलोकन गर्ने कार्यमा नगरपालिकालाई आवश्यक प्राविधिक सहयोग गर्ने ।<br>२) महिला, दलित, अपाङ्गता, ज्येष्ठ नागरिक, विपन्न लगायत पछाडि पारिएका वर्ग समुदायहरूको विकास प्रक्रियामा मूलप्रवाहीकरणका लागि नगरपालिकासँग समन्वय गरी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने ।<br>३) विकास साझेदारबाट सञ्चालन गरिने विकास सम्बन्धी कार्यक्रमहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवालहरू सम्बोधन हुने गरी क्रियाकलापहरू तय गर्ने ।<br>४) लैङ्गिक हिंसा, घरेलु हिंसा, सबै प्रकारका विभेद वा सामाजिक असमानता विरुद्ध प्रतिकार र वकालत क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम तथा अभिमुखीकरण कार्यमा सहयोग गर्ने |

## ४.३ रणनीति कार्यान्वयन अनुगमन तथा समीक्षा सम्बन्धी व्यवस्थाः

रणनीति कार्यान्वयनको सम्बन्ध भनेको मुख्य रूपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमसँग जोडिएर रहेको हुन्छ । रणनीतिका आधारमा तयार

गरिएका कार्यक्रमहरूको कार्यक्षेत्र स्थलमा कार्य योजना बमोजिम कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ । नगरपालिकाभित्र कार्यरत सङ्घ/ संस्था तथा निकाय र विकास साझेदारहरूलाई वार्षिक रूपमा कार्यक्रमको समीक्षा गर्दा लैससासको दृष्टिकोणले समेत कार्य गर्दा प्राप्त उपलब्धि र समस्याहरूको पहिचान सहितको प्रतिवेदन पेस गर्ने नीति अवलम्बन गर्ने अभ्यासको थालनी यहीँबाट गरिनेछ ।

गोकर्णेश्वर नगरपालिकाभित्र कार्यरत विभिन्न सरोकारवाला सङ्घ/संस्थाहरूको प्रतिनिधित्वमा देहाय बमोजिमको एक लैससास अनुगमन समितिको (कानुनमा व्यवस्था भई कार्यान्वयनमा आइरहेको समिति) लाई सक्रिय बनाइनेछ ।

(क) नगरपालिका उप प्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक -सदस्य

(घ) उद्योग वाणिज्य सङ्घ/ गैर सरकारी सङ्घ/संस्थाको प्रतिनिधि -सदस्य

(ङ) महिला तथा बालबालिका शाखा प्रमुख वा योजना शाखा -सदस्य सचिव

अनुगमन समितिले कार्य योजनामा उल्लेख गरिएका क्रियाकलापहरू नगरपालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकीन गर्ने र सम्बन्धित पक्षलाई सुझाव प्रदान गर्ने कार्य गर्नेछ । वार्षिक कार्यक्रममा समावेश भएका क्रियाकलापहरू कार्यान्वयन कसरी भइरहेको छ सो को समेत अनुगमन गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकाको बैठकमा प्रतिवेदन पेस गर्ने जिम्मेवारी कानुनले तोकेको उप प्रमुखको संयोजकत्वमा गठित माथि उल्लिखित समितिले गर्नेछ । यो समितिमा सामाजिक तथा समावेशी शाखा प्रमुख थप हुने व्यवस्था गरिएको छ ।

लैससास रणनीति कार्यान्वयन कार्ययोजनाको प्रत्येक आर्थिक वर्षको चौमासिक अर्थात् पहिलो चौमासिकको कार्तिक अन्तिम हप्ता, दोस्रो चौमासिकको फागुन अन्तिम हप्ता र अन्तिम चौमासिको अर्को आ.व. को साउन मसान्त भित्र गरिनेछ । नगरपालिकाबाट पारित प्रगति समीक्षा कार्यविधि अनुसार अरू कार्यक्रमहरू सहित यो कार्यक्रमलाई पनि जोडेर सँगसँगै समीक्षा गरिनेछ । समीक्षा गर्दा उठान भएका सवालहरूलाई सङ्कलन गरी प्रतिवेदन तयार गरिनेछ । प्रतिवेदनलाई त्यसपछि बस्ने कार्यपालिकाको बैठकमा प्रस्तावको रूपमा पेस गरिनेछ र थप प्रभावकारी बनाउने बारेमा आवश्यक छलफल सहित निर्णय लिइनेछ ।